## विशेष इजलास

१.

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. २०६७-WS-०००९, उत्प्रेषणयुक्त परमादेश, *अञ्जनीकुमार थापा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

करयोग्य आयको निर्धारण गर्दा सामाजिक सुरक्षाको अवधारणलाई नजरअन्दाज गरिनु हुँदैन। सेवा निवृत्त कर्मचारीलाई निवृत्तिभरणस्वरूप उपलब्ध गराइने रकम आफैंमा अत्यन्त न्यून रहने गरेको छ। त्यसमा पनि कर कट्टी गर्दा सेवा निवृत्त कर्मचारीको दैनिक गुजारा कष्टप्रद हुन जाने र त्यसबाट सामाजिक सुरक्षाको प्रत्याभूति नहुने अवस्था सिर्जना हुन जान्छ। त्यसैले के कस्तो आयलाई करयोग्य आय मान्ने भन्ने सम्बन्धमा सम्बन्धित निकायले निवृत्तिभरण र त्यसले ग्रहण गरेको सामाजिक सुरक्षासम्बन्धी अवधारणालगायतका सबै पक्षमा विचार पुऱ्याएर मात्र निर्णयमा पुग्नु पर्ने हुन्छ। अन्यथा करको दायरा बढाउने निहुँमा व्यक्तिका अधिकारहरू कटौती हुने र सामाजिक सुरक्षाको प्रत्याभूतिस्वरूप प्रदान गरिने निवृत्तिभरणसम्बन्धी व्यवस्था कमजोर हुने अवस्था आउन सक्ने।

कर लगाउने र उठाउने विषय स्वाभाविक रूपमा विधायिकी अधीनको विषय हो भन्ने देखिन्छ। उक्त संवैधानिक व्यवस्थाअनुसार नै कानूनी व्यवस्थाद्वारा कर निर्धारण गरेको र संविधानले नै विधायिकाको अधिकारभित्र पारेको विषयलाई न्यायिक पुनरावलोकनको दायराभित्र ल्याई हस्तक्षेप गर्नु उपयुक्त नहुने।

कस्तो आयलाई करयोग्य आय मान्ने नीतिगत प्रश्नमा अदालत प्रवेश गरी हस्तक्षेप गर्न नमिल्ने र कानूनी व्यवस्थाद्वारा समान अवस्थाका सबैलाई समान रूपमा कर निर्धारण गरिएको कुरालाई गैरकानूनी वा असमान भनी संज्ञा भनी दिन नसकिने।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६८ साल साउन २६ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१.

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती, फौ.पु.नं.** ०६६-CR-०२१८, जीउ मास्ने बेच्ने, *नेपाल सरकार वि. सुरेन्द्र चौधरी समेत*

प्रतिवादीहरू उपर सजायको माग दावी लिइएको जीउ मास्ने वेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(४) मा जीउ मास्ने वेच्ने कार्य गर्नको लागि परिपञ्च मिलाउने वा त्यस्तो कार्य गर्नमा सहयोग पुऱ्याउने वा त्यस्तो कार्यमा लाग्न कसैलाई दुरुत्साहन गर्ने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद हुनेछ भन्ने रहेको व्यवस्थाअनुसार यी प्रतिवादीहरूले पीडित बालिका बनुमायाँ सिँजालीलाई बिक्री गर्ने कार्यमा प्रतिवादी राजकुमार विष्टलाई के कस्तो कार्य गरी परिपञ्च, सहयोग वा दुरुत्साहन गरेको वा उद्योग गरेको हो भन्नेतर्फ जाहेरी दरखास्तलगायत कुनै पनि कागज प्रमाणहरूबाट पुष्टि हुँदैन। यस्तो अवस्थामा केवल सहअभियुक्त एवं प्रतिवादीमध्येका राजकुमार विष्टले अधिकारप्राप्त अधिकारीसमक्ष पोल गरेको भन्ने आधारमा यी प्रतिवादीहरू उपर लगाइएको अभियोग निःसन्देह रुपमा पुष्टि हुन सक्तैन। तसर्थ, वस्तुनिष्ठ एवं ठोस प्रमाणको अभावमा केवल सहअभियुक्तको पोल मात्रैको आधारमा जीउ मास्ने वेच्ने जस्तो संगीन अपराधको अभियोगमा यी प्रतिवादीहरूलाई कसूरदार कायम गर्न न्यायसंगत नहुने।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल साउन २२ गते रोज १ शुभम्।

२.

**का.मु.स.प्र.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री भरतराज उप्रेती,** दे.पु.नं. २०६४-CI-०४७२, दर्ता बदर दर्ता कायम, *विजयकुमार राई वि. दुर्गामाया राई*

वादीका बाबुले विवादको च्याङ्ग्रेबगर बारी जग्गाको भू.सु. ७ नं. फाँटवारी भरी पेश गरेको भन्ने प्रमाण मिसिलबाट देखिएको छ। यी पुनरावेदक प्रतिवादी विजयकुमार राईले वादीको दावीलाई खण्डन

गरी प्रतिउत्तर गर्न सक्नुपर्नेमा निजका नाममा तामेल भएको शुरू म्यादै गुजारी वादी दावीलाई स्वीकार गरी बसेको देखिन्छ । वादीका पिताले ७ नं. फाँटवारी भरेको तथ्यबाट विवादको जग्गामा निजको हकको स्रोत पुष्टि भएको देखिन्छ । प्रतिवादीले आफ्नो हकको सबूद प्रमाण समेत पेश गर्न नसकी शुरू म्यादै गुजारी बसेको देखिएको अवस्थामा केवल नापीमा प्रतिवादीका नाममा नापी गराएको भन्ने मात्र आधारले विवादको जग्गामा वादीको हक समाप्त भई प्रतिवादीको हक कायम हुन्छ भन्नु न्यायोचित नहुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः मुकुन्द विष्ट

संवत् २०६८ साल जेठ ३० गते रोज २ शुभम् ।

## इजलास नं. १

### १.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. ०६४-WO-०४८०, उत्प्रेषण मिश्रित परमादेश, *राजनारायण झा वि. वन विभाग समेत*

आचरण उल्लंघन गरेमा सामान्य सजाय गर्नु निजलाई सुधारात्मक उपचार गर्नु हो । यसको अर्थ त्यसरी एकपटक सजाय गर्दा पनि आचरण सुधार नगरी आचरण उल्लंघनको मात्रा बढाउन छूट दिनु वा आचरण उल्लंघनको मात्रा बढाउँदै लगेमा पनि पुनः सजाय गर्न नपाउने गरी उन्मुक्ति दिनु भन्ने होइन । यसरी सामान्य सजाय गर्दा पनि आचरण सुधार नगरी कसूर (आचरण) उल्लंघनको मात्रा बढाउँदै लगेमा पनि एउटै कसूर कायम गरी पुनः थप वा विशेष सजाय गर्न नसकिने भनी अर्थ गर्ने हो भने कानूनको भावना र मर्मको उपहास हुन्छ । यस्तो उपहास गर्नु हुँदैन । यस्तो अवस्थामा निजामती सेवा ऐन, २०४९ को दफा ६१(१)(छ) ले बिदा स्वीकृती नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेका कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्नसक्ने व्यवस्था गरेअनुरूप यी रिट निवेदकलाई ऐ. दफा ६६ र ६७ अनुरूप सजायको प्रस्ताव गरी सफाइको मौका दिँदा समेत निज कार्यालयमा अनुपस्थित रहेको कारण ऐ. दफा ६८ बमोजिम लोकसेवा आयोगको परामर्श लिई कारवाही गरी भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी सेवाबाट अवकाश दिएको देखिन्छ । उक्त दफा ६१(१)(छ) को व्यवस्थालाई अझ स्पष्ट र बाध्यात्मक बनाउँदै दफा ६१(कं)(३) मा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बिदा स्वीकृति नगराई लगातार नब्बे दिनभन्दा बढी अनुपस्थित हुने कर्मचारीलाई हाजिर गराउन सकिने छैन, हाजिर गराएमा हाजिर गराउने पदाधिकारीलाई दफा ६० बमोजिम विभागीय कारवाही हुनेछ भन्ने भएबाट कुनै कर्मचारी बिदा स्वीकृति नगराई कार्यालयमा अनुपस्थित भएमा सामान्य र विशेष गरी दुई किसिमको सजाय गर्नसक्ने कानूनी व्यवस्था रहेको देखिन्छ । यस्तो अवस्थामा बिदा स्वीकृति नगराई अनुपस्थित हुने कर्मचारीलाई निजको अनुपस्थिति नब्बे दिन नपुग्दै पनि सामान्य सजाय गर्नसक्ने नै देखिन्छ । अर्थात् एकै पटक विशेष सजाय गर्ने गरी सामान्य सजाय नै नगरी नब्बे दिनसम्म पर्खी विशेष सजाय मात्र गर्ने भनी वा सामान्य सजाय गरेको आधारमा कसूरको मात्रा बढाउदै लगे पनि एउटै कसूर मानी विशेष सजाय नगरी उन्मुक्ति दिने भनी अर्थ गर्न मिल्दैन । यस्तो अवस्थामा बिदा स्वीकृति नगराई कार्यालयमा अनुपस्थित रहेकोमा सामान्य सजाय गर्दा पनि कर्मचारी कार्यालयमा उपस्थित नभै वा आचरण सुधार नगरी आचरण उल्लंघनको मात्रा बढाउदै लगेमा छुट्टै कसूरमा विशेष सजाय गर्न सकिन्छ र यसरी विशेष सजाय गर्दा अघि गरेको सामान्य सजाय पनि विशेष सजायको आधार बन्न सक्ने नै हुन्छ । अघि गरेको सामान्य सजायले पछि भएको विशेष सजायले गल्तीको मात्रालाई घटाउने भनी अर्थ गर्न नमिल्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल चैत १५ गते रोज ३ शुभम् ।

### २.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०६५-WO-०२८८, उत्प्रेषणयुक्त प्रतिषेध समेत, *नारद खनाल वि. जिल्ला विकास समिति, झापा चन्द्रगढी समेत*

निवेदकले बदर माग गरेको ठेक्का नै आ.व. २०६५।०६६ को लागि गरिएकोमा हाल उक्त ठेक्काको अवधि नै समाप्त भैसकेको र स्थानीय स्वायत्त शासन (दोस्रो संशोधन) नियमावलीको नियम २०७ को व्यवस्थाबाहेक यी निवेदकबाट कर नलिनु भनी विपक्षीको नाममा यस अदालतबाट अन्तरिम आदेश समेत जारी भएको अवस्था समेत देखिएको हुँदा उक्त ठेक्का बदर गरिरहनुको कुनै औचित्य नै रहेन ।

तसर्थ उल्लिखित आधार र कारणबाट यी निवेदक वर्षा टि हाउसका प्रोप्राइटर नारद खनालको रिट निवेदन मागबमोजिम आदेश जारी गर्न परेन । अतः प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६७ साल चैत १५ गते रोज ३ शुभम् ।

३.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको रिट नं. WO-०३१८, उत्प्रेषण परमादेश, *ध्रुवराज भण्डारी समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

सेवा शर्तको अधीनमा रही आफ्नो संगठनभित्रका कर्मचारीलाई के कस्तो काममा लगाउने र सम्बन्धित ऐनकानूनको विपरीत नहुने गरी सरूवा गर्न सक्ने अधिकार नेपाल स्वास्थ्य ऐन, २०५३ ले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सो अन्तर्गतका विभाग, निकायलाई दिएको परिप्रेक्ष्यमा स्पष्टतः कानूनको त्रुटि भएको देखिएको अवस्थामा बाहेक उक्त मन्त्रालयको कामकारवाहीमा यस अदालतले हस्तक्षेप गर्दैन । प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा सरूवा बारे अनियमितता भएको भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजूरी परी सोको छानबीन समेत गरी सरूवाको पुनर्विचारका लागि उक्त आयोगले पठाएको पत्रका आधारमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिति २०६७।१।६ को निर्णयमा पुनर्विचार गरी उक्त सरूवा निर्णय बदर गरेको देखिँदा निवेदकहरूको सरूवा गर्ने अधिकार विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई रहे भएकै देखिएको, अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशानुसार उक्त मन्त्रालयको सचिवस्तरीय मिति २०६७।५।२९ को निर्णयले निवेदकहरूको सरूवा बदर गरेको देखिएको तथा उक्त निर्णयानुसारका कामकारवाही कानूनविपरीतको नदेखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल चैत ९ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६६ सालको रिट नं. ०६६-WO-०४८५, उत्प्रेषण, *अर्जुन राउत समेत वि. मारवाडी सेवा समिति नेपाल फसिकेब काठमाडौं समेत*

रिट निवेदकले आधार लिएको विधान विधायिकाद्वारा निर्मित कानूनअन्तर्गत बनेको भन्ने देखिँदैन । यस सन्दर्भमा नेकाप, २०५२, अङ्क ४, नि.न. ५०७८ पृ. २७७ मा कुनै संघ संस्थाको विधानलाई कानून मान्न नमिल्ने सिद्धान्त प्रतिपादन भएको छ । प्रस्तुत रिट निवेदन समेत मारवाडी सेवा समिति नेपालको विधान, २०४६ अन्तर्गत बनेको नियमावलीमा उल्लेख भएको प्रावधानको कार्यान्वयनका लागि दायर भएको हुँदा यस्तो नियमावलीलाई कानून मान्न मिल्ने नदेखिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६७ साल फागुन १७ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६७ सालको रिट नं. ०६७-WO-००९३, उत्प्रेषण, *शालिग्राम मिश्र वि. सामान्य प्रशासन मन्त्रालय समेत*

निजामती सेवा ऐन, २०४९ को दफा ३३(३) मा, "यस दफाको प्रयोजनको लागि निजामती कर्मचारीको उमेर सेवामा प्रवेश गर्दा निजले पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा नागरिकताको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा निजले भरेको वैयक्तिक नोकरी विवरण (सिटरोल) मा लेखिदिएको जन्म मिति वा वर्षबाट हुन

आएको उमेरमध्ये जुन उमेर निज पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिनेछ" भन्ने कानूनी व्यवस्थाले निजामती कर्मचारीले आफूले नोकरी गर्दा भरेको सिटरोलमा उल्लेख भएको जन्म मिति समेत निजको अवकाशको आधार बन्न सक्ने कुरामा द्विविधा नरहने ।

आफू कहिले जन्मिएको भन्ने कुराको जानकारी राख्न सक्ने निवेदक जस्तो सरकारी सेवामा बहाल हुन योग्य ठहरिएको व्यक्तिले आफ्नो जन्म मिति गलत उल्लेख भयो भन्नु स्वाभाविक मान्न मिल्ने देखिन्न । यसर्थ आफू अस्थायी नोकरीमा बहाल छँदा भरेको १ पाने सिटरोलमा उल्लेख भएको नोकरी अवधि समेत स्थायी सेवामा प्रवेश गर्दा जोडी कामकाज गरी आएको अस्थायी सेवामा बहाल रहँदा भरेको १ पाने सिटरोलमा उल्लिखित जन्म मितिलाई निजामती सेवा ऐन, २०४९ को दफा ३३(३) एवं निजामती सेवा नियमावली २०५० को नियम १०२ (क) बमोजिम अवकाश दिने प्रयोजनार्थ गणना गरेको कार्यबाट निवेदकको संवैधानिक एवं कानूनी हकमाथि आघात पुग्न गएको देखिन आएन । अतः प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६७ साल फागुन १७ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको दे.पु.नं. १२६४, अंश, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. नारायणी बस्नेत समेत*

मिति २०३४।९।२७ भन्दा अगावै घरसारमा बण्डापत्र खडा गरी नरमगरम मिलाई अचल अंशबण्डा गरी छुट्टिई आफ्नो आफ्नो हिसाब भाग शान्तिबमोजिम लिए पाएर सर्वे नापीमा आफ्ना नाममा दाखेल दर्ता गराई सकेको वा बण्डाबमोजिम आ-आफ्नो भागको अचल छुट्टाछुट्टै भोग बिक्री व्यवहार गरेकोमा व्यवहार प्रमाणबाट बण्डा भइसकेको मानिने देखियो । यी अवस्थाहरू विद्यमान भएको प्रस्तुत मुद्दामा मिति २०२०।१२।२९ को लिखतले कानूनी मान्यता पाउने ।

जग्गा नापी भएपश्चात् विधिवत् रूपमा ती जग्गाहरूको जग्गाधनी दर्ता प्रमाणपूर्जा प्राप्त गरी केही जग्गाहरू आफ्नो एकलौटी हकभोगको जग्गा भनी विभिन्न व्यक्तिहरूलाई विभिन्न मितिमा हक हस्तान्तरण समेत गरेको तथ्य मिसिल संलग्न जग्गाधनी दर्ता प्रमाणपूर्जा र हक हस्तान्तरण गरेका लिखतहरूको प्रतिलिपिबाट समेत देखिन आयो । यसका अतिरिक्त वादी रामबहादुरले अंशबाट पाएका जग्गा निजको मृत्युपश्चात् निजकी श्रीमती टुकुकुमारी बस्नेतका नाममा नामसारी भै दर्ता स्रेस्ता समेत मिसिल संलग्न रहेको छ । यी तथ्यहरूले समेत वादी प्रतिवादीहरू एकासगोलका अंशियार रहे भएको नदेखिने ।

वादीले मिति २०२०।१२।२९ को घरसारको बण्डापत्रको कागजका आधारमा अंश प्राप्त गरी सर्वे नापीमा दा.खा. दर्ता गराई प्राप्त गरेको जग्गा अन्य व्यक्तिहरूलाई बिक्री व्यवहार गरिदिएको समेत देखिँदा वादीले अंश भाग पाउन बाँकी रहेको भन्ने नदेखिने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ साल फागुन १७ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६४ सालको दे.पु.नं. १२६५, अंश छोडपत्र लिखत बदर, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि.प्रद्युम्नराज बस्नेत*
- २०६४ सालको दे.पु.नं. १२६६, फैसला बदर, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि.रञ्जु बस्नेत समेत*
- २०६५ सालको फौ.पु.नं.०६५-CR-०४३१, जालसाजी, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. केशवराज बस्नेत समेत*
- २०६५ सालको फौ.पु.नं.०६५-CR-०४३२, जालसाजी, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. केशवराज बस्नेत समेत*
- २०६५ सालको फौ.पु.नं.०६५-CR-०४३३, जालसाजी, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. केशवराज बस्नेत समेत*
- २०६५ सालको फौ.पु.नं.०६५-CR-०४३४, जालसाजी, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. केशवराज बस्नेत समेत*

- २०६५ सालको दे.पु.नं.०४३५, मोही नामसारी, *नारायणी बस्नेत वि. टुकुकुमारी बस्नेत*
- २०६५ सालको फौ.पु.नं.०६५-CR-०४३५, जालसाजी, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. केशवराज बस्नेत समेत*
- २०६५ सालको दे.पु.नं.०६५-CI-०४३६, लिखत बदर, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. बबुरराज बस्नेत समेत*
- २०६५ सालको फौ.पु.नं.०६५-CR-०४३६, जालसाजी, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. केशवराज बस्नेत समेत*
- २०६५ सालको फौ.पु.नं.०६५-CR-०४३७, जालसाजी, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. केशवराज बस्नेत समेत*
- २०६५ सालको दे.पु.नं.०६५-CI-०४३७, लिखत बदर, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. बबुरराज बस्नेत समेत*
- २०६५ सालको दे.पु.नं.०६५-CI-०४३८, लिखत बदर, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. बबुरराज बस्नेत समेत*
- २०६५ सालको फौ.पु.नं.०६५-CR-०४३८, जालसाजी, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. केशवराज बस्नेत*
- २०६५ सालको फौ.पु.नं.-CR-०४३९, जालसाजी, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. प्रद्युम्नराज बस्नेत*
- २०६५ सालको दे.पु.नं.०६५-CI-०४३९, लिखत बदर, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. केशवराज बस्नेत समेत*
- २०६५ सालको फौ.पु.नं.०६५-CR-०४४०, जालसाजी, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. बबुरराज बस्नेत समेत*
- २०६५ सालको दे.पु.नं. ०४४०, लिखत बदर, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. केशवराज बस्नेत समेत*
- २०६५ सालको फौ.पु.नं.०६५-CR-०४४१, जालसाजी, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. बबुरराज बस्नेत समेत*
- दे.पु.नं.०६५-CI-०४४१, लिखत बदर, *मु.स. गर्ने टुकुकुमारी बस्नेत वि. केशवराज बस्नेत*
- २०६५ सालको फौ.पु.नं.०६५-CR-०४४२, जालसाजी, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. बबुरराज बस्नेत*
- २०६५ सालको दे.पु.नं.०६५-CI-०४४२, अंश छोडपत्र लिखत बदर, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. नारायणी बस्नेत समेत*
- २०६५ सालको फौ.पु.नं.०६५-CR-०४४३, जालसाजी, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. बबुरराज बस्नेत*
- २०६५ सालको दे.पु.नं.०६५-CI-०४४३, लिखत बदर, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. मु.स. गर्ने ओमकार प्रधान*
- २०६४ सालको दे.पु.नं. ०४४४, लिखत बदर, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. शान्त बस्नेत समेत*
- २०६५ सालको फौ..पु.नं.०६५-CR-०४४४, जालसाजी, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. बबुरराज बस्नेत समेत*
- २०६४ सालको दे.पु.नं.०४४५, लिखत बदर, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. शक्तिलाल ज्वारचन समेत*
- २०६५ सालको फौ.पु.नं.०६५-CR-०४४५, जालसाजी, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. बबुरराज बस्नेत समेत*
- २०६५ सालको दे.पु.नं.०६५-CR-०४४६, जालसाजी, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. बबुरराज बस्नेत*
- २०६५ सालको दे.पु.नं.०६५-CI-०४४६, लिखत बदर, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. विनोदकुमार श्रेष्ठ समेत*
- २०६५ सालको दे.पु.नं.०६५-CI-०४४७, लिखत बदर, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. बबुरराज बस्नेत समेत*
- २०६५ सालको फौ.पु.नं.०६५-CR-०४४७, जालसाजी, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. बबुरराज बस्नेत समेत*
- २०६५ सालको फौ.पु.नं.०६५-CR-०४४८, जालसाजी, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि. मु.स. गर्ने ओमकार प्रधान*

- २०६५ सालको फौ.पु.नं.०६५-CR-०७०५, जालसाजी, *मु.स. गर्ने टुकुकुमारी बस्नेत समेत वि.प्रद्युम्नराज बस्नेत*

७.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री सुशीला कार्की,** पुनरावेदन नं. ०६६-RC-००९१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बिपत मल्लाह*

जाहेरवालीका २ वटा हाँसले धान खान लागेका र निज सोहरती आफैंले ती हाँस भगाई लगेकी हुन्, सोही धान खाएको विषयमा भनाभन तथा कुटपीटको घटना भएको हो, मैले हानेको लाठीको चोटबाट मृतक रामप्रसाद केवटको मृत्यु हुन गएको हो भनी मृतकलाई आफूले कुटपीट गरेको र सोही कारणबाट मृत्यु भएको भनी अदालतमा समेत स्वीकार गरेको अवस्था पाइयो । निज प्रतिवादीले उक्त बयानलाई मौकामा बुझिएको बलबहादुर थापा, दुर्गावती केवट समेतले गरेको बकपत्रले पुष्टि भई घटनास्थल, लास प्रकृति मुचुल्काबाट मृतकको छातीमा निलो आलो डाम रहेको, ढाडमा ६ इन्च लामो कालो डाम भएको, टाउकोमा काटिएको, रगत बगिरहेको, घाँटीमा समेत काला डामहरू देखिई शव परीक्षण प्रतिवेदनबाट मृत्युको कारण टाउकामा लागेको चोट (Head Injury) भन्ने देखिँदा मिसिल संलग्न कागज प्रमाणबाट मृतकको मृत्युमा प्रतिवादी विपत मल्लाहको कर्तव्य स्थापित भएको स्पष्ट हुँदा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गरी अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६७ साल चैत ४ गते रोज ६ शुभम् ।

८.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री सुशीला कार्की,** रिट नं. ०६७-WH-००६२, बन्दीप्रत्यक्षीकरण, *केल्साङ छिरिङ समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

मित्रराष्ट्र चीनको दूतावास अगाडि बन्दी बनाइएका व्यक्तिहरूले मित्रराष्ट्र चीन विरोधी नारा एवं प्रदर्शन गरी मित्रराष्ट्र चीनसँगको सुसम्बन्धमा समेत असर पारी सार्वजनिक सुरक्षामा समेत खलल पारेको हुँदा निजहरूउपर सार्वजनिक सुरक्षा ऐन, २०४६ अनुसार आवश्यक कारवाही गरिपाऊँ भनी प्र.ना.नि. कपिल वाग्ले समेतले प्रतिवेदन पेश गरेको देखियो । सोही प्रतिवेदनको आधारमा सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा २.१.३ को अधिकारअन्तर्गत ३.१ बमोजिम उल्लिखित व्यक्तिहरूलाई सोही ऐनको दफा ५.१ बमोजिम नजरबन्दमा राख्ने आदेश गरेको देखियो । उक्त कानूनी व्यवस्थाअनुसार उपदफा ३.१ बमोजिम कसैलाई नजरबन्दमा राख्ने गरी जारी गरिएको आदेश अगावै खारेज भएमा बाहेक जारी भएको मितिले नब्बे दिनसम्म कायम रहने देखिन्छ । तर बन्दीहरूलाई निवारक नजरबन्दमा राख्न के कस्ता आधार र प्रमाण मौजुद छन् भन्नेतर्फ प्रहरीको प्रतिवेदनमा र सम्बन्धित आदेशमा समेत खुलाइएको पाइएन । मिसिलमा समेत बन्दीहरूबाट त्यस्तो स्थिति सिर्जना गर्न लागेको देखिने ठोस् आधार र प्रमाण रहेको देखिन आएन । अर्कोतर्फ सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ४.१ र ४.२ उल्लेख भएबमोजिम आदेशको प्रतिलिपिसहितको जानकारी गृह मन्त्रालय र सम्बन्धित जिल्ला अदालतमा पठाएको भन्ने समेत देखिन आएन । उल्लिखित व्यवस्थाको अवलम्बन स्वेच्छिक नभई अनिवार्य नै देखिएकोमा पनि बन्दीहरूलाई नजरबन्दमा राख्ने आदेश गर्ने जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारीले उल्लिखित कार्यविधिको पालना गरेको नदेखिँदा कानूनले तोकेको कार्यविधिको पालना नगरी भएका काम कुरालाई मान्यता दिन नमिल्ने हुँदा बन्दीहरू केल्साङ्ग छिरिङ्ग, फुनसोक टासी, टासी टिरिङ्ग, धन्डुप छिरिङ, योलो, सोनाम टासी, मिङमार, केल्साङ पाल्देन, छिरिङ ल्हाजोम, सोनाम छोदोनलाई नजरबन्दमा राख्ने गरी जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारीले २०६७११।२७ मा गरेको आदेश रीतपूर्वकको मान्न नमिलेकोले सो आदेशबमोजिम निज बन्दीहरूलाई थगुनामा राखेको अवस्था कानूनविपरीतको देखिन आएकोले रिट निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६७ साल चैत ४ गते रोज ६ शुभम् ।

९

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ८८८८, ९२१८, ९२१९, आफ्नो जिम्माको नगद जिन्सी दिलाई भराइपाऊँ, *दिव्यकुमार उपाध्याय वि.विराटनगर जुट मिल्स लिमिटेड, बच्चुप्रसाद कुँइकेल वि. विराटनगर जुट मिल्स लिमिटेड, केदारकुमार ढुङ्गेल वि. विराटनगर जुट मिल्स लिमिटेड*

जुट खरीद केन्द्रको सञ्चालन अवधि २०४२।६।६ देखि २०४२।७।३ सम्म रहेको भन्ने देखिन्छ । सो समयमा खरीद गरिएको जुटको हिसाबकिताबको विवरण सोही समयभित्र भै मुद्दा गर्नु परेको अवस्था उत्पन्न भएको देखिँदैन । दाखिला भएको विवरणबाट अपुग भएको जुट समेत बुझाउन ल्याउनु भनी अन्तिम पटक मिति २०४२।१२।२० मा दुई दिनभित्र दाखिला गर्न समयावधि दिएकोमा पनि सो अवधिमा नबुझाएको हुँदा सोही समयबाट मुद्दा गर्नुपर्ने कारण उत्पन्न भएको देखिन्छ र मिति २०४४।७।२४ मा त्यस सम्बन्धमा फिराद दिएको हुँदा सो अवधि मुलुकी ऐन, बाँकी नतिर्नेको ११ नं. बमोजिमको अवधि दुईवर्षभित्रै रहेको पाइँदा हदम्याद नाघी फिराद परेको भन्न नमिल्ने ।

प्रस्तुत विवादमा देवानी कार्यविधिअनुसार मुद्दा चल्न सक्ने नै देखिएको, प्रस्तुत फिरादपत्र हदम्यादभित्रै दायर भएको देखिएको, वादीले ढुवानी खर्च समेत दिई जुट खरीद गर्न पठाएको अवस्थामा खरीद गरेअनुरूपको जुट मिल्समा दाखिला हुन नसकेको भन्ने तथ्यलाई प्रतिवादीहरूले अन्यथा भन्न नसकी एक अर्कालाई दोषारोपण गरेको देखिई अपुग रहेको जुट समेत दाखिला गरेको नदेखिएको र सोको दावी गरी फिराद गर्न वादी मिल्सको तत्कालीन रेजिडेन्ट डाइरेक्टरलाई अधिकार दिएको देखिँदा सबै प्रतिवादीहरूबाट दामासाहीले बिगो भराई पाउने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको मिति २०६१।५।१५ को फैसला मिलेकै देखिँदा सदर हुन्छ । प्रतिवादीहरूको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति संवत् २०६७ साल चैत १ गते रोज ३ शुभम् ।

१०

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** २०६८ सालको रिट नं.००८०, बन्दीप्रत्यक्षीकरण, *अधिवक्ता रामविलास राउत वि.पुनरावेदन अदालत हेटौडा समेत*

तल्लो अदालतले थुनछेकलाई लिएको तत्काल प्राप्त प्रमाणका आधारमा पुनरावेदन अदालत समेतले मनासिव मानेको अवस्थामा सर्वोच्च अदालतले ती आदेशहरू प्रतिकूल वन्दीप्रत्यक्षीकरण जारी गर्दा न्यायिक संयम र मर्यादाको उल्लंघन हुन पुग्ने ।

कुनै पनि व्यक्तिलाई अधिकारक्षेत्रात्मक त्रुटि गरी कानूनले अधिकार नै नदिइएको व्यक्ति वा निकायले थुनामा राखेको अवस्था, कानूनले अधिकार नै नदिइएको थुनामा राखिएको अवस्था र प्राकृतिक न्याय सिद्धान्त प्राङन्याय एवं दोहोरो खतराको सिद्धान्त जस्ता न्यायका आधारभूत मान्यताप्रतिकूल थुनामा राखिएको अवस्थामा अदालतले न्यायिक हिरासतमा रहेको अवस्थामा समेत वन्दीप्रत्यक्षीकरण जारी गर्न सक्दछ । तर, तत्कालप्राप्त प्रमाणको मूल्याङ्कन गरी अधिकारप्राप्त अधिकारीले राखेको न्यायिक हिरासतका हकमा बन्दीप्रत्यक्षीकरण जारी गर्दा मुद्दाको निर्णय हुन बाँकी नै रहेबाट न्यायिक हस्तक्षेप त हुन पुग्दैन भन्ने कुरामा सतर्कता अपनाउनु पर्ने ।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल असार १३ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको रिट नं. ०६७-WO-०४८७, उत्प्रेषण परमादेश समेत, *सन्तबहादुर सार्की वि.गीताकुमारी शर्मा समेत*

आफ्ना बालबालिकाको शिक्षाको अधिकार तथा सोको समुचित व्यवस्थापनको लागि सरोकार राख्नु स्वाभाविकै हुन्छ । यस्तो अवस्थामा उक्त विद्यालयका शिक्षक छनौटको विषयमा निवेदकले प्रस्तुत रिट निवेदन गर्नुलाई हकदैयाविहीन भन्न मिल्दैन । जसको जुन कुरामा सरोकार र हक अधिकार निहीत हुन्छ उसले त्यस विषयमा अधिकारको खोजीको लागि उपलब्ध मार्ग अवलम्बन गर्न नपाउने भन्न मिल्दैन । तसर्थ विवादित शिक्षक नियुक्तिको सम्बन्धमा भएको अनियमित कार्यको सम्बन्धमा यी रिट निवेदकले निवेदन गर्न पाउने ।

कानूनमा आधारित नभई शिक्षा कार्यालय जस्तो कानूनी निकायले शिक्षक नियुक्ति गर्ने अधिकारप्राप्त व्यवस्थापन समिति तथा सोही समितिद्वारा गठित शिक्षक नियुक्तिको लागि सिफारिश गर्ने शिक्षक छनौट समितिकै निर्णय विपरीत हुने गरी गरेको जिल्ला शिक्षा कार्यालयको मिति २०६७।१।१६ को पत्र बदर हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल जेठ २४ गते रोज ३ शुभम् ।

१२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री तर्कराज भट्ट,** २०६२ सालको दे.पु.नं. ९४३३, फैसला आदेश बदर, *मिठू राणा वि. लक्ष्मीनारायण महर्जन समेत*

फरक फरक व्यक्तिहरूले फरक फरक जिकीर लिई फिराद दायर गरेको देखिए पनि विवादको विषयवस्तु काठमाडौं जिल्ला अदालतको मिति २०३८।२।२२ को फैसला बदर गरिपाऊँ भन्ने माग गरेको देखिनाले एउटै तथ्य र विषयवस्तुमा एउटै माननीय न्यायाधीशले कहिले सदर र कहिले बदर गर्ने गरी राय व्यक्त गरी गरेको फैसलामा न्यायिक मनको प्रयोग गरी स्वच्छ सुनुवाइको आधारमा निर्णय भए गरेको रहेछ भनी सम्झन मिल्ने देखिन नआउने ।

निर्णयकर्ताले एउटै विषयवस्तु समावेश भएको विवादको विषयमा एक पटक आफ्नो राय व्यक्त गरिसकेको अवस्थामा सोही विषयवस्तु समावेश भएको अर्को मुद्दामा पहिले व्यक्त भएको राय विपरीत कुनै आधार र कारण नखुलाई राय व्यक्त गर्ने काम कारवाही प्राकृतिक न्याय तथा स्वच्छ सुनुवाइको सिद्धान्तअनुकूल भए गरेको भन्न मिल्ने देखिन आएन । निर्णयकर्ताले गरेको निर्णय स्वच्छ सुनुवाइको सिद्धान्तमा आधारित भई गरेको देखिनु पर्दछ भन्ने हुनाले प्रस्तुत मुद्दामा माननीय न्यायाधीश श्री हरिबहादुर बस्नेत समेत भै गरेको पुनरावेदन अदालत, पाटनको मिति २०५६।२।१० को फैसला उक्त सिद्धान्त अनुकूल रहे भएको नदेखिनाले बदर हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल असार २८ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६२ सालको दे.पु.नं. ९४२८, लिखत दर्ता बदर, *मिठू राणा वि. रामप्रसाद श्रेष्ठ समेत*
- २०६२ सालको दे.पु.नं. ९४२९, लिखत दर्ता बदर, *मिठू राणा वि.पद्मादेवी मानन्धर समेत*
- २०६२ सालको दे.पु.नं. ९४३०, लिखत दर्ता बदर, *मिठू राणा वि.दशमाया महर्जन समेत*
- २०६२ सालको दे.पु.नं. ९४३१, लिखत दर्ता बदर, *मिठू राणा वि.दशमाया महर्जन समेत*
- २०६२ सालको दे.पु.नं. ९४३२, लिखत दर्ता बदर, *मिठू राणा वि. अष्ट महर्जन समेत*
- २०६२ सालको दे.पु.नं. ९४३४, धर्मलोप, *मिठू राणा वि.दशमाया महर्जन समेत*
- २०६२ सालको दे.पु.नं. ९४३५, लिखत दर्ता बदर, *मिठू राणा वि.दशमाया महर्जन समेत*
- २०६२ सालको दे.पु.नं. ९४३६, फैसला बदर, *मिठू राणा वि.दशमाया महर्जन समेत*
- २०६२ सालको दे.पु.नं. ९४३७, लिखत दर्ता बदर, *मिठू राणा वि.दशमाया महर्जन समेत*
- २०६२ सालको दे.पु.नं. ९४३८, फैसला बदर, *मिठू राणा वि. मु.स. गर्ने राजेश डंगोल*
- २०६२ सालको दे.पु.नं. ९४३९ लिखत दर्ता बदर, *मिठू राणा वि.सानुमाया महर्जन समेत*
- २०६२ सालको दे.पु.नं. ९४४०, लिखत दर्ता बदर, *मिठू राणा वि.दशमाया महर्जन समेत*
- २०६२ सालको दे.पु.नं. ९४४१, लिखत दर्ता बदर, *मिठू राणा वि.दशमाया महर्जन समेत*
- २०६२ सालको दे.पु.नं. ९४४२, लिखत दर्ता बदर, *मिठू राणा वि.दशमाया महर्जन समेत*
- २०६२ सालको दे.पु.नं. ९४४३, लिखत दर्ता बदर, *मिठू राणा वि.प्रमीला भट्टराई समेत*
- २०६२ सालको दे.पु.नं. ९४४४, लिखत दर्ता बदर, *मिठू राणा वि. कीर्तिनारायण महर्जन*
- २०६२ सालको दे.पु.नं. ९४४५, लिखत दर्ता बदर, *मिठू राणा वि. लक्ष्मीनारायण महर्जन*
- २०६२ सालको दे.पु.नं. ९४४६, लिखत दर्ता बदर, *मिठू राणा वि. सानुमाया महर्जन समेत*
- २०६२ सालको दे.पु.नं. ९४४७, लिखत दर्ता बदर, *मिठू राणा वि.वसन्त पाण्डे क्षेत्री समेत*

- २०६२ सालको दे.पु.नं. ९४४८, फैसला आदेश बदर, *मिठू राणा वि. लक्ष्मीनारायण महर्जन*
- २०६२ सालको दे.पु.नं. ९४४९, लिखत दर्ता बदर, *मिठू राणा वि. अष्ट महर्जन समेत*
- २०६२ सालको दे.पु.नं. ९४५०, लिखत दर्ता बदर, *मिठू राणा वि. लक्ष्मीनारायण महर्जन*
- २०६२ सालको दे.पु.नं. ९४५१, निर्णय दर्ता बदर समेत, *मिठू राणा वि. लक्ष्मीनारायण महर्जन समेत*
- २०६२ सालको दे.पु.नं. ९४५२, लिखत दर्ता बदर, *मिठू राणा वि.दशमाया महर्जन समेत*
- २०६२ सालको दे.पु.नं. ९४५३, आदेश बदर, *मिठू राणा वि. मु.स. गर्ने राजेश डंगोल समेत*
- २०६२ सालको दे.पु.नं. ९४५४, लिखत दर्ता बदर, *मिठू राणा वि.दशमाया महर्जन समेत*

## इजलास नं. २

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६६-CI-०९६७, अंश दपोट, *जनक राउत अहिर वि. रामशरण राउत अहिर*

विवादित जग्गाहरू पुनरावेदक/प्रतिवादी जनक राउतको अंश मुद्दा पर्नुभन्दा अगाडि खरीद गरिलिएको र २०२२ सालमा नापी हुँदा निजकै नाउँमा नापी भएको सगोलको घर घडेरी जग्गा रहे भएको तथ्य मिसिलबाट देखिँदा निजी आर्जनको वा बण्डा नलाग्ने प्रकृतिको सम्पत्ति भन्ने देखिन आएन । प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम सगोलमा रहँदाका अवस्थामा जोसुकै अंशियारको नाउँमा रहेको जग्गा अन्यथा प्रमाणित नहुन्जेल सगोलको हो भनी मान्नुपर्ने हुन्छ । तसर्थ, दावीको सम्पत्तिबाट वादीले यस अघि अंश पाएको नदेखिँदा सो सम्पत्तिबाट समेत वादीले अंश पाउने ।

इजलास अधिकृतः रमेशप्रसाद रिजाल

इति संवत् २०६८ साल बैशाख २१ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** ०६४-CR-०६१३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सीता भन्ने टीका मगर*

प्रशव पीडाका कारण साँघुरो शौचालयमा बच्चा जन्माउँदा बच्चा जीउँदै जन्मे पनि सो बच्चाको शौचालयको पेन र भूईंमा टाउको ठोक्किन गई मृत्यु हुन सक्ने सम्भावना रहेको र आफ्नो पतिको गर्भधारण गरेकी महिलाले मास पूरा हुन्जेल गर्भधारण गरिसकेपछि जीउँदो जन्मेको बच्चालाई मार्ने मनसायले नै बच्चालाई कर्तव्य गरी मार्नुपर्ने त्यस्तो कुनै पनि कारण वादी पक्षबाट ठोस प्रमाण पेश भई पुष्टि हुन सकेको नदेखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. को कसूरमा ऐ. को ६ नं. को देहाय (२) नं. अनुसार ९(नौ) महिना कैद सजाय हुने ।

इजलास अधिकृतः रमेशप्रसाद रिजाल

इति संवत् २०६८ साल बैशाख ५ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको दे.पु.नं. CI-०१३५, अंशहक कायम, *इनामल्लाह मियाँ ठकुराई वि. महमद गनि मियाँ ठकुराई समेत*

१९९९ सालमै छुट्टी भिन्न भएको जिकीर लिने प्रतिवादीले के कुन सम्पत्ति लिनुदिनु गरी अंशियारा बीच छुट्टि भिन्न भएका हुन् सोको तथ्ययुक्त प्रमाण पेश गर्न सकेको नदेखिँदा अंश दिनु पर्ने ।

वादी प्रतिवादीहरू एकासगोलको अंशियारा देखिएको र निजहरू बीच विधिवत् अंशबण्डा भएको नदेखिँदा वादीले प्रतिवादीबाट अंश पाउनुपर्ने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६८ साल असार २९ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको साधक नं. RC-०१०६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. किसन टमटा*

प्रतिवादी किसन टमटाउपरको किटानी जाहेरी, प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष भएको साविती बयान, फलामको रडले आफूले बुबालाई हिर्काएको हुँ भनी अदालतमा गरेको स्वीकारोक्ति बयान, बरामदी रड तथा सनाखत बयान, मौकामा कागज गर्ने तथा वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूको भनाई र शव परीक्षण प्रतिवेदन समेतका

कागजातबाट प्रतिवादीले हानेको चोटकै कारण मृतकको मृत्यु भएको हो भन्ने देखिन आएबाट प्रतिवादी किसन टमटालाई अभियोग दावीबमोजिम ज्यानसम्बन्धीको १३(३) नं बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको WO-०८७२, उत्प्रेषण परमादेश, *हरिबहादुर थापा वि. का.मु. महानिर्देशक भूमिसुधार तथा व्यवस्थापन विभाग समेत*

नेपालको अन्तरिम संविधान, २०६३ ले नागरिकको मौलिक हकको व्यवस्था गरेको र त्यसको हनन् भएमा संविधानको धारा १०७(२) अनुसार उपचार प्राप्त गर्न सकिने व्यवस्था छ । सोही संवैधानिक व्यवस्थाको मार्ग अवलम्बन गरी यी निवेदकले उपचारको लागि आएको देखिन्छ । भूमिसुधार तथा व्यवस्थापन विभागका महानिर्देशकले निर्णय गर्दा संविधान एवं कानूनमा प्रष्ट व्यवस्था भएको उल्लिखित कुरातर्फ ध्यान नदिई प्राकृतिक न्यायको सिद्धान्त समेतलाई ख्याल नगरी मिति २०६४।९।१६ मा हरिबहादुर थापाको नाममा नामसारी भएको निर्णय बदर गरी चक्रबहादुर थापा समेतका नाममा नामसारी हुने भनी भएको निर्णयबाट निवेदकको संविधानप्रदत्त मौलिक हक समेतका नाममा नामसारी हुने भनी भएको निर्णयबाट निवेदकको संविधानप्रदत्त मौलिक हक समेतमा असर परेको देखिँदा भूमिसुधार तथा व्यवस्थापन विभागका महानिर्देशकबाट मिति २०६४।१०।२७ मा भएको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल जेठ १९ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६-WO-०७१६, उत्प्रेषण परमादेश, *लक्ष्मीदेवी मानन्धर वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत*

महानगरपालिकाले निवेदकको नामदर्ताको घरको केही भाग भत्काउने निर्णय गर्दा निवेदकलाई कारवाहीको जानकारी तथा सुनुवाइको मौका दिएको नदेखिँदा आफ्नो विरूद्ध भएको कारवाही वा उजूरीको खण्डन गर्ने र तत्सम्बन्धी प्रमाण पेश गर्ने मौका नै नदिई गरिएको कारवाही र निर्णय प्राकृतिक न्यायको सिद्धान्तप्रतिकूल रहेको स्पष्ट छ । प्रतिवाद वा सुनुवाइको मौका दिनुपर्ने प्राकृतिक न्यायको सिद्धान्तको आधारभूत मान्यता हो र सो बिना भएको निर्णय बदरभागी हुन्छ । नक्सा पास गरी घर बनाउने व्यक्ति तथा घर बनेको कि.नं. १४३३ को जग्गाको जग्गाधनी यी रिट निवेदक रहेको भन्ने नक्सा पाससम्बन्धी फाइलबाट देखिएको अवस्थामा निजलाई स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१(६) बमोजिम सफाइको मौका नदिई अन्य व्यक्तिको नाममा सूचना जारी भए पनि अथवा सो सूचना रीतपूर्वक तामेल भए पनि संविधानको उक्त धारा २४(८),(९) तथा ऐनको १६१(६) को प्रयोजनको लागि जग्गाधनी वा घरधनी यी रिट निवेदकलाई सफाइको मौका दिएको भन्न नमिल्ने ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१(६) बमोजिम घर निर्माण गर्ने व्यक्ति यी निवेदिकालाई सफाइको नदिई गरेको निर्णय कार्यविधिसम्बन्धी बाध्यात्मक कानूनको उल्लंघन भएको तथा प्राकृतिक न्यायको सिद्धान्तसमेतको अवलम्बन नगरी गरेको काठमाडौं महानगरपालिकाको मिति २०६६।७।२९ को निर्णयबाट नेपालको अन्तरिम संविधानको धारा २४(८) र (९) बमोजिम प्रदत्त निवेदिकाको हकमा आघात परेको देखिएकोले सो निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । अब घर निर्माण गर्ने जग्गाधनी यी निवेदिकालाई कानूनबमोजिम सूचना दिई निजलाई सफाइ पेश गर्ने मौका दिई उजूरीको विषयमा कानूनबमोजिम कारवाही निर्णय गर्नु भनी काठमाडौं

महानगरपालिकाको नाममा परमादेश समेत जारी हुने ।
इजलास अधिकृतः हरिश्चन्द्र इङ्गनाम
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल फागुन २५ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६२ सालको फौ.पु.नं. ३३६५, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), *गोविन्दप्रसाद पौडेल वि. श्री ५ को सरकार*

पुनरावेदकले खरिदार सरहको प्रेसम्यान पद पाउने उद्देश्यले आफूले पास नै नगरेको एस.एल.सी. को शैक्षिक प्रमाणपत्र पास गरेको भनी ढाँटी सो शैक्षिक योग्यतासम्बन्धी प्रमाणपत्र पेश गरेको र सोही आधारमा राष्ट्र सेवकको सो पद प्राप्त गरेको भन्ने कुरा निजलाई सो शैक्षिक प्रमाणपत्र जारी गर्ने उक्त संस्थाको जवाफबाट देखिएको छ । यसरी यी पुनरावेदकले राष्ट्र सेवकको पद प्राप्त गर्न पेश गरेको उक्त शिक्षा परिषद्को प्रमाणपत्र नक्कली देखिन नआउने ।
इजलास अधिकृतः दयाराम ढकाल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल जेठ १७ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६-WO-१३११, उत्प्रेषण/परमादेश, *सुनील गुरूङ्ग समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

शान्ति सुरक्षा प्रदान गर्ने कर्तव्य निर्वाह गर्दा कसैको कानूनप्रदत्त हक अधिकारमा रोक लगाउन, नागरिकको कार्य र व्यवहारलाई कानून विपरीत नियन्त्रित गर्नु र पेशा, व्यावसायलाई कानूनको अधिकार र आधार बिना नियमन एवं सीमाङ्कन गर्नु युक्तिसंगत तथा कानूनी भन्न मिल्दैन । शान्ति सुरक्षा स्थापना गरी व्यक्तिको जीवन यापनलाई सहज, सुगम, सुरक्षित एवं सम्मानपूर्ण बनाउन जति आवश्यक छ, दिनभरको शारीरिक, मानसिक कामबाट थाकेको व्यक्तिले आफ्नो इच्छाबमोजिमको खानपान गरी स्वस्थ मनोरञ्जन लिनु व्यक्तिको जीवन र स्वास्थ्यको लागि त्यतिकै आवश्यक हुन्छ । यसको लागि रात्रि मनोरञ्जनस्थलको रूपमा रहेको निवेदकहरूले सञ्चालन गरेको रेष्टुरेन्ट, डान्स बार, पब, डिस्कोथेक, दोहरी, गजललगायतको स्थानमा जानु, खानपान गर्नु र समय बिताउन पाउने आधुनिक समयको आवश्यक समयको आवश्यकता रहेको छ । यस्तो रात्रिकालीन समयमा मात्र सञ्चालित हुने रेष्टुरेन्ट, पब, डान्सबार, दोहरी, गजलस्थल इत्यादिको कुनै कानूनको उल्लंघन गरेमा बाहेक निर्वाध सञ्चालन हुन र गर्न पाउने कुरामा पनि दुईमत हुन सक्दैन । यस्ता रात्रिकालीन व्यवसाय सञ्चालन गर्ने व्यवसायी वा यसका कर्मचारीले अथवा यस्ता स्थलमा जाने सेवाग्राही वा उपभोक्ताले कानून उल्लंघन गरेको अवस्थामा कानूनी कारवाहीबाट छूट पाउने कुरा हुँदैन । तर यस्ता स्थलमा यदाकदा कानून उल्लंघनको कुनै घटना भएमा त्यस्ता कानून उल्लंघनकर्तालाई कानूनबमोजिमको कारवाही गर्नुपर्ने अवस्थामा सोको सट्टा सो व्यवसायलाई नै कानूनविपरीत नियन्त्रित र नियमित गर्नु उचित मान्न नसकिने ।

व्यावसायीहरूको समूहले आफैं कानूनबमोजिम शासित, सञ्चालित, व्यवस्थित र नियमित हुने इच्छा व्यक्त गरेको र प्रत्यर्थीहरूले आफ्नो लिखित जवाफमा सोलाई अन्यथा भन्न सकेको नदेखिएकोले निवेदकहरू संलग्न रहेको रात्रिकालीन मनोरञ्जन व्यवसायको सञ्चालनलाई व्यवस्थित, नियमित र नियन्त्रित गर्न समय सुहाउँदो कानून निर्माण गर्न आवश्यक देखिँदा यस्तो व्यवसायको सञ्चालन विधि, व्यवसायको प्रकृतिअनुसार समय व्यवस्थापन, निजहरूको पेशा रोजगार सुरक्षा, उपभोक्ताको स्वास्थ्य र जीवनको सुरक्षाको बन्दोबस्त, सदाचार र नैतिकतायुक्त मनोरञ्जन प्रदान गर्ने माध्यम र तरिका, ध्वनि उत्पादनको मात्रा, ध्वनि प्रदूषण नियन्त्रणका उपाय यसमा काम गर्ने कर्मचारीको हकहित संरक्षण सर्वसाधारण जनतालाई पर्ने असर तथा व्यावसायी र सर्वसाधारण जनताको नैतिकता, सदाचार, अनुशासन समेतका सम्बन्धमा कानूनी व्यवस्था गरी नियमन र नियन्त्रण गर्ने गरी उक्त कुरा तथा अन्य आवश्यक कुरालाई समेत ध्यानमा राखी सरोकारवाला समेतसँग रायसल्लाह गरी यस्तो व्यवसायको सञ्चालन, नियमन र

व्यवस्थापन गर्ने सम्बन्धमा यथाशीघ्र कानून निर्माण गर्नु भनी परमादेश जारी हुने ।
इजलास अधिकृतः हरिशचन्द्र इङ्गनाम
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल पुस १ गते रोज ५ शुभम् ।

**इजलास नं. ४**

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको CR-३११०, CR-३५६१, CR-३५६२, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. जनकलाल मण्डल समेत, शिवनारायण मण्डल वि. नेपाल सरकार, रामदेव मण्डल समेत वि. नेपाल सरकार*

भेदभाव गरी अरूको हकमा हस्तक्षेप गर्ने कार्य समेत पनि मानव अधिकार र फौजदारी कानूनको दृष्टिले गम्भीर विषय हुन्छन् । त्यसमा पनि धर्म वा समुदायको विवाद बनाई उत्तेजित बनाई व्यापक असर भएको आपराधिक कार्यमा परिणत हुन्छ भने त्यो झन् गम्भीर विषय हुन्छ । त्यस्तो विषयमा कानूनले विशेष सतर्कतापूर्वक गम्भीर एवं सख्त दृष्टिकोण लिन जरूरी हुन्छ भने त्यस्तो विषयमा कानून कार्यान्वयन अझ प्रभावकारी हुनुपर्ने ।

व्यापक रूपमा भौतिक क्षति भएको परिस्थितिमा सम्बन्धित व्यक्तिका नोक्सानीका क्षतिपूर्ति अनुसन्धान साथ क्षतिको सही आंकलन गरी पर्याप्त उपचार प्राप्त गर्ने प्रयास हुनुपर्ने हो तर त्यस हिसाबले मुद्दामा अनुसन्धान एवं दावी नै लिन सकेको पाइएन । यस्तो स्थितिमा मुद्दामा केही प्रतिवादीहरूलाई भएको सजाय मात्रले पर्याप्त परिपूरण हुने गरी पूर्ण न्यायको अनुभूति दिलाउन सक्ने स्थिति नरहने ।

मुख्य भई आगो लगाउने प्रतिवादीहरू जनकलाल मण्डल, शिवनाथ मण्डल र नाथुराज भरलाई आगो लगाउनेका महलको ५ नं. को कसूर अपराधमा सोहीबमोजिम जनही ४ (चार) वर्ष कैद र प्रतिवादीहरू शिवनारायण मण्डल, लक्ष्मण मण्डल जगरनाथ मण्डल, गंगाई मण्डल, रामदेव मण्डल र धनिकलाल रायले भीँडमा आगो लगाउन उक्साउनेसम्मको कार्य गरी मतलवी मतियारको भूमिका निर्वाह गरेकोसम्म देखिन आएकोले निजहरूको कार्य आगो लगाउनेको महलको ७ नं. को कसूर अपराधभित्रको देखिँदा निजहरूलाई जनही २ (दुई) वर्ष कैद हुने र अन्य प्रतिवादीहरूलाई सफाइ हुने ।
इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल कात्तिक १४ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको WO-०४७२, उत्प्रेषण परमादेश समेत, *किसुन थारू वि. सुदन थारू समेत*

निवेदकले निवेदनमा जिकीर लिएको भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ङ का विभिन्न अवस्थाहरू समेत प्रस्तुत निवेदनमा विद्यमान रहेको भनी निवेदकले पुष्टि गराउन नसकेको अवस्थामा सो दफा २६ङ बमोजिम उक्त सम्पूर्ण जग्गा आफ्नो मात्र नाउँमा हक कायम गरिपाऊँ भन्ने निवेदन दावी पुग्न नसक्ने हुँदा निवेदकको नाममा उक्त जग्गाको लगत कायम गराई पाउन परमादेशको आदेश समेत जारी गरिरहन पर्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः बिमल पौडेल
कम्प्युटरः सुदीप पङ्गानी
इति संवत् २०६८ साल असार २९ गते रोज ४ शुभम् ।

- यसै प्रकृतिको २०६५ सालको WO-०४७१, उत्प्रेषण परमादेश समेत, *किसुन थारू वि. बाउर थारू समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको CR-३५६५, जीउ मास्ने बेच्ने, *महमद फिरोज वि. नेपाल सरकार*

पीडित र प्रतिवादी फिरोज मियाँ अन्सारीबीच प्रेम सम्बन्ध भएको र सो प्रेम सम्बन्धमा पीडित हिन्दू भएको र निज प्रतिवादी मुस्लिम भएको कारण विवाद उत्पन्न भएको र सोही प्रेम सम्बन्धको जरीयाबाट उठेको विवादमा पीडित केटी पक्षका व्यक्तिहरूले मुसलमानको घरमा २०५३।१०।१९ मा आगो लगाएको तथ्य यसै लगाउको फौ.पु.नं. ३११० समेतको आगो

लगाई ज्यान मार्ने उद्योग मुद्दामा स्थापित भइसकेको र प्रस्तुत मुद्दा पनि सोही जरीयाबाट उत्पन्न घटनाक्रमको एक अंशको रूपमा रहेको देखिन्छ । यदि पीडितलाई प्रतिवादीहरूले बिक्री गर्ने उद्देश्यले नै लगेको अवस्था भए पीडित नेपाल फर्की आएको भनेको मिति २०५३।११।२३ पछि धेरै दिनको अन्तराल पछि अर्थात् मिति २०५४।१।२० मा मात्र जाहेरी दिन नपर्ने देखिन्छ । सो जाहेरीमा पीडितको उमेर १२ वर्ष देखाइएको तर जाहेरी परेको ३ वर्षपछि अदालतमा बकपत्र गर्दा पीडितले आफ्नो उमेर २४ वर्ष भनी लेखाएको देखिँदा पीडितको भनाइ शंकास्पद देखियो । त्यसमा पनि हिन्दूहरूले मुसलमानका घरमा मिति २०५३।११।१९ मा आगो लगाएपछि जाहेरी परी कारवाही चलेपछि सोही रिसइवीको कारण प्रस्तुत मुद्दा दायर भएको देखिन्छ । यसरी मुद्दाको समग्र वस्तुस्थिति, घटनाक्रमको सिलसिला, पीडित जाहेरवाली, प्रतिवादीहरू र वस्तुस्थिति मुचुल्काका मानिसहरू समेतको भनाइ समेतका समग्र तथ्य र प्रमाणहरूबाट प्रतिवादीहरूउपरको अभियोग दावी पुष्टि र प्रमाणित हुन नसक्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल कात्तिक १४ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** ०६७-WO-०९०९, उत्प्रेषण परमादेश समेत, *श्रीमती प्रेमशोभा शाक्य समेत वि. पुष्पराज खनाल*

अदालतमा मुद्दा दायर गरेर नियमित तारिखमा रहेको पक्षलाई असर पार्ने गरी फाँटमा एवं अदालतका कर्मचारीले काम गर्नु गराउनु रीतपूर्वकको देखिन्न । यस अवस्थामा अदालतसमक्ष उपस्थित भएको पक्षलाई नियमित तारिख दिनुपर्नेमा अन्य कर्मचारीसँग तारेख लिनु भनी भनेको र सोही कुरामा भर परी अन्य कर्मचारी (अमिन) सँग तारेख लिएको देखिँदा सो कार्यले निवेदकको तारेख गुज्रेको मान्न नमिल्ने ।

निवेदकले अदालतले तोकिदिएको मिति २०६७।४।२१ गतेको तारिखमा अदालतमा हाजिर भएको तर अदालतका कर्मचारीहरूको लापरवाही एवं गैरजिम्मेवार जवाफ एवं व्यवहारका कारणबाट रीतपूर्वकको तारिख लिन नपाई अमिन कर्मचारीबाट तारिख लिएको देखिएको हुँदा फाँटवाला कर्मचारीसँग तारिख नलिएकै कारणबाट निवेदकको तारिख गुज्रेको मान्न नमिल्ने ।

नाप नक्साको लागि डोर खटाइएका अवस्थामा नक्सा तयार भए नभएको कारणले फाँटवाला र अमिन कर्मचारीबीच समन्वयको अभाव भै मुद्दाको पक्षलाई कसले हाजिर गराउने भन्ने विवाद उत्पन्न भएको देखिन्छ । हाजिर गराउन नहुने अमिन कर्मचारीले हाजिर गराएको भए वा फाँटवालाले हाजिर हुन आएको पक्षलाई हाजिर नगराएको भए त्यसबाट कर्मचारीको पदीय कर्तव्यप्रति प्रश्न उठ्न सक्ने देखिन्छ र सोको बारेमा छुट्टै आवश्यक अनुसन्धान गरी विभागीय कारवाहीको प्रक्रिया अगाडि बढाउनु पर्ने देखिन्छ । तर यसको वा त्यसको त्रुटिको कारणले अदालतको क्षेत्रभित्र प्रवेश गरिसकेको मुद्दाको पक्षको तारिख नै गुजारेको ठहर्‍याई मुद्दाको प्रयोजन नै समाप्त गर्न मिल्दैन । तसर्थ आफ्नो पदीय जिम्मेवारीलाई गम्भीरतापूर्वक सम्पन्न नगर्ने फाँटवाला कर्मचारी एवं अमिन कर्मचारीलाई आवश्यक कारवाही गरी नतिजा जाहेर गर्नु भनी काठमाडौं जिल्ला अदालतका जिल्ला न्यायाधीशको नाममा विशेष निर्देशन समेत जारी हुने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ असार २९ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** ०६५-WO-०८८८, उत्प्रेषण प्रतिषेध, *श्यामप्रसाद शुक्ल अधिकारी वि. श्री अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको निर्णयउपर चित्त नबुझ्ने पक्षले विशेष अदालतमा पुनरवेदन गर्न पाउने साधारण क्षेत्राधिकारको अवस्था विद्यमान भएको अवस्थामा निवेदकले सीधै यस अदालतमा रिट दायर गरेको पाइन्छ । उक्त साधारण क्षेत्राधिकारको प्रयोग के कति कारणले नगरी यस अदालतमा निवेदक आउनु परेको हो सो खुलाउन नसकेको अवस्थामा अधिकारक्षेत्रसम्बन्धी कुरालाई ख्याल

नगरी सोझै यस अदालतमा निवेदन दायर गर्ने कार्य मनासिब नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः बिमल पौडेल
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल भदौ २ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** ०६६-WO-१२५९, उत्प्रेषण प्रतिषेध परमादेश समेत, *दाताराम खनाल समेत वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत*

समाज कल्याण ऐनबमोजिम मन्त्रिपरिषद्ले छानबीन गर्न गराउन पाउने अवस्थामा सोही प्रयोजनको लागि ३ सदस्यीय उच्चस्तरीय छानबीन समिति गठन गर्ने गरी नेपाल सरकारबाट भएको मिति २०६७।२।२६ को निर्णयबमोजिम गठित समितिले निवेदकको के कस्तो संविधान वा कानूनप्रदत्त हकमा असर पारेको हो सो खुलाउन नसकेको तथा उक्त समितिले छानबीन सम्पन्न गरी प्रतिवेदन समेत बुझाइसकेको अवस्था देखिँदा निवेदन दायर गर्दाको परिस्थितिमा हाल परिवर्तन भैसकेको हुँदा अब रिट निवेदनको औचित्य बाँकी नरहने ।
इजलास अधिकृतः बिमल पौडेल
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६८ साल भदौ २ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको WO-०२९८, उत्प्रेषण, *सञ्जयकुमार चाचन वि. जिल्ला विकास समिति पर्सा समेत*

स्थानीय स्वायत्त शासन नियमावलीको नियम २०७ को कुरा नियम २०७ मा काँचो छालामा जिल्ला विकास समितिले कर लिन पाउने व्यवस्थाको उल्लेख गरे पनि त्यस्तो नियमावलीले गरेको अधिकार तोक्न वा निर्धारण गरी ठेक्का दिन सक्ने अधिकार दिने पनि होइन । करको दर ऐनद्वारा नै हुने हुँदा स्थानीय स्वायत्त शासन नियमावलीले करको दर निर्धारण गर्न वा तोक्न नसक्ने ।

निवेदक नारायणी लेदर म्यानुफेक्चरिङ इण्डष्ट्रिजको साझेदार सञ्जयकुमार चाचन र जिल्ला विकास समितिको कार्यालय बर्दिया समेत भएको २०६० सालको रिट नं. २९५७ मिति २०६४।२।११ मा निवेदक उद्योग निर्यात प्रवर्द्धन उद्योगको रूपमा देखिएकोले विपक्षीहरूले उक्त उद्योगले कच्चा पदार्थको रूपमा प्रयोग गर्ने छालामा कर लिन सक्ने अवस्था देखिएन भन्ने भै फैसला भएको र निज निवेदककै यस्तै विषयको करको हकमा कर लिन नपाउने भनी निर्णय समेत गरिसकेको अवस्था मिसिल संलग्न प्रमाण कागजातबाट देखिएको समेतका कारणबाट विपक्षीहरूले निवेदक इण्डष्ट्रिजबाट औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५(म) को प्रतिकूल हुने गरी यस्तो उद्योगले प्रयोग गर्ने कच्चा पदार्थ काँचो छालामा कुनै पनि किसिमको कर शुल्क वा दस्तूर लिन सक्ने अवस्था विद्यमान नदेखिँदा निवेदकको निर्यात् प्रवर्द्धन उद्योगमा कर शुल्क समेत लिने गरेको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी अब विपक्षीहरूको नाममा त्यस्तो कुनै पनि कर शुल्क वा दस्तूर नलिनु भनी निवेदकको निवेदन मागबमोजिम परमादेशको आदेश समेत जारी हुने ।
इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६७ साल कात्तिक १६ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको RC-००९०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामदयाल कापड समेत*

अदालतसमक्ष उपस्थित भै वारदातका बेला आफू अन्यत्र भएको भनी Alibi को जिकीर लिनु आफैमा पर्याप्त हुँदैन । अन्यत्र रहे भएको कुराको यकीन प्रमाण र सोको विश्वसनीयता दिलाउन सक्नु स्वयं अन्यत्र छु भन्ने प्रतिवादीहरूको अहं दायित्व हुन आउँछ । सो कुरालाई खम्बीर हुने गरी कुनै भरपर्दो वस्तुनिष्ठ र आधिकारिक प्रमाण यी प्रतिवादीबाट पेश दाखेल हुन सकेको नदेखिँदा निजहरू वारदातको समयमा अन्यत्र भएको भन्ने कथनलाई मात्र आधार मानी फौजदारी अपराध जस्तो गहन आपराधिक दायित्वबाट यी प्रतिवादीहरूलाई उन्मुक्ति दिन मिल्ने नदेखिँदा प्रतिवादी रामबहादुर कापड, रामदयाल कापड, दुःखी

कापडलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम जन्मकैद हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको RC-००८६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बुद्धिबहादुर गोले समेत*

आफूहरूउपर स्पष्ट रूपमा किटानी जाहेरी परी अभियोग पत्र दायर भएपछि अदालतसमक्ष उपस्थित भै आफ्नो भएको प्रमाण समेत पेश गरी आफू विरूद्ध दायर भएको मुद्दामा आफ्नो लागेको अभियोग खण्डन गर्ने गरी अदालतसमक्ष उपस्थित भै मुद्दाको पुर्पक्षको सिलसिलामा प्रतिनिधित्व हुनुपर्नेमा सो समेत हुन सकेको देखिँदैन । आफूविरूद्ध लागेको अभियोगलाई सक्षम अदालतसमक्ष उपस्थित भै पुर्पक्षको रोहमा बसी मुद्दाको निर्णय तहमा पुग्न सघाउ पुऱ्याउने दायित्व समेत यी प्रतिवादीहरूउपर रहने हुन्छ । यस्तो अवस्थामा आफूउपर लागेको अभियोगलाई मौन रूपमा समर्थन गरी अदालत बाहिर बसी फरार रहेका यी प्रतिवादीहरू उक्त वारदातमा संलग्न नै थिएनन् भनी अनुमानको भरमा यी प्रतिवादीहरूलाई अभियोग दावीबाट उन्मुक्ति दिन सक्ने वा सजायमा छूट दिन सक्ने अवस्था नदेखिँदा मृतकको मृत्यु कुटपीटका कारण अत्याधिक रक्तस्राव भै भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट समेत देखिएको र अन्य प्रमाणबाट पुष्टि भैरहेको अवस्थामा यी प्रतिवादी पञ्चलाल मुक्तान र बुद्धिबहादुर गोले समेतको कुटपीटको कारण समेतबाट मृतक कङ्गुर थिङको मृत्यु भएको स्पष्ट भएको देखिँदा शुरू सिन्धुली जिल्ला अदालतबाट प्रतिवादी पञ्चलाल मुक्तान र बुद्धिबहादुर गोलेलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६५ सालको CI-०४०८, पर्खाल भत्काई जग्गा खिचोला मेटाई पाऊँ, *जीवराज गौतम वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर समेत*

दावीको जग्गामा प्रतिवादीले खिचोला गरेको मिति नै उल्लेख गर्न नसकेको अवस्थामा घर बनाउनेको महलको ११ नं. बमोजिम पर्खाल भत्काउने दावी लाग्न सक्ने अवस्था समेत नदेखिँदा फिराद दावीका सम्बन्धमा इन्साफ गर्न नपरी दावी नै खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल फागुन २ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४-CR-०३६२, जबर्जस्ती करणी, *नेपाल सरकार वि. ख कुमार*

प्रतिवादी ख कुमारले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्ने क्रममा आफ्नो उमेर १५ वर्ष भनी लेखिएको देखिन्छ भने अदालतसमक्ष बयान गर्ने क्रममा आफ्नो उमेर १२ वर्ष भनी लेखिएको पाइन्छ । निज प्रतिवादीको उमेर सम्बन्धमा विवाद भै उमेर यकीन गर्नको लागि कोशी अञ्चल अस्पतालमा परीक्षण गर्न पठाउँदा समेत निजको उमेर १३ वर्षदेखि १५ वर्षसम्म रहेको भनी लेखी आएको पाइन्छ । अस्पतालबाट १३ देखि १५ वर्षसम्म उमेर हुनसक्ने भनी लेखी आएको र प्रतिवादीले अदालतमा १२ वर्ष भनी उमेर लेखाएको अवस्थामा प्रतिवादीको उमेर के कति हो सोको ठोस प्रमाण गुजारेर यकीन गर्न सक्नुपर्ने देखिँदा किटानी प्रमाणसाथ यकीन उमेर नखुलाएको अवस्थामा पुनरावेदन अदालतले प्रतिवादीको उमेर परीक्षण गरी अस्पतालबाट लेखी आएको उमेरको तल्लो हदलाई कायम गरेको मनासिब नै देखिने ।

प्रतिवादी ख कुमारले पीडित क कुमारीलाई जबर्जस्ती करणीको वारदात गर्दा निजको उमेर १४ वर्ष वा सोभन्दा माथि भएको ठोस प्रमाणबाट पुष्टि हुन नआएकोले निज प्रतिवादी ख कुमारले पीडित क कुमारीउपर जबर्जस्ती करणी गरेको भनी निज प्रतिवादी ख कुमारलाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम ६ महिना कैद हुने ।

इजलास अधिकृतः बिमल पौडेल

इति संवत् २०६८ साल साउन ३१ गते रोज २ शुभम् ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-WO-००७८, उत्प्रेषणयुक्त परमादेश, *लोकराज बराल वि. गृह मन्त्रालय समेत*

विवादित कित्ता नम्बरको जग्गा आफ्नो भएको भनी निवेदकले जिकीर लिएको भए पनि उक्त जग्गा २०३९ सालमा अधिग्रहणमा पर्दा तत्काल सो विरूद्ध उपचार खोजी मुआब्जा प्राप्त गर्न सक्नु पर्नेमा सो गर्न सकिएको पाइँदैन । समयमा आफ्नो हकको संरक्षणमा चासो नदेखाई उक्त हक हस्तान्तरण भएको झण्डै २५ वर्षपछि दायर हुन आएको रिट निवेदनको आधारमा निवेदकलाई उपचार प्रदान गर्न नमिल्ने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल जेठ १२ गते रोज ५ शुभम् ।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५ सालको WO-०७०८, उत्प्रेषणयुक्त परमादेश, *मयप्रसाद शिवाकोटी समेत वि. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, दोलखा समेत*

जग्गा नापजाँच ऐन, २०१९ को दफा ८(१) अनुसार कुनै क्षेत्र विशेषमा नापी भै जग्गाधनी प्रमाण पूर्जा वितरण हुँदा आफ्नो कुनै जग्गाको जग्गाधनी प्रमाणपूर्जा प्राप्त नभएमा सोही ऐनको दफा ८(२) को म्यादभित्र सम्बन्धित अधिकारीसमक्ष कारणसहित उजूर गर्न सक्ने कानूनी व्यवस्था रहेको अवस्थामा निवेदकहरूले सोअनुरूप कहीं कतै उजूर गरेको भनी दावी गर्न सकेको पाइँदैन । तत्काल साधारण क्षेत्राधिकारअन्तर्गत जग्गा दर्तासम्बन्धी निर्णयमा चित्त नबुझे सोको विरूद्धमा उजूर नगरी बस्ने निवेदकलाई लगभग १५-१६ वर्षपछि अनुचित बिलम्ब गरी असाधारण अधिकारक्षेत्रको प्रयोग गर्न पाउने अधिकार हुन्छ भनी भन्न नमिल्ने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल जेठ १२ गते रोज ५ शुभम् ।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४ सालको CR-०३०३, लागू औषध फेन्सिडिल समेत, *नेपाल सरकार वि. सन्तोष लिम्बू*

प्रतिवादीले लागू औषध सेवन मात्र गर्ने गर्दथे वा बेचबिखन पनि गर्ने गर्दथे भन्ने सम्बन्धमा हेर्दा प्रतिवादीको साथबाट बेचबिखनको लागि आवश्यक पर्ने कुनै पनि औजारहरू बरामद हुन आएको पाइँदैन । प्रतिवादीको घर खानतलासी गर्दा समेत उक्त तथ्य स्थापित हुने कुनै दशी प्रमाण बरामद हुन सकेको पाइँदैन । सोको अलावा प्रतिवादीबाट १०० एम.एल. को १ बोतल फेन्सिडिल, २० ट्याब्लेट नाइट्रोजन र १६ थान नर्फिन इन्जेक्शन बरामद भएको देखिएको अवस्थामा उक्त बरामदी मात्रा हेर्दा उक्त लागू औषध बिक्री वितरण गर्ने प्रयोजनको लागि नै सञ्चय गरिएको भन्नु भन्दा पनि सेवन गर्ने र सेवन गर्ने प्रयोजनका लागि सञ्चय गरिएको हुन सक्ने कुरालाई खण्डन गर्ने कुनै ठोस आधार पेश हुन नसकेकोले लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(६) को कसूर गरेको हुँदा सोही ऐनको दफा १४(१)(ज) बमोजिम रू.२,०००।- जरीवाना हुने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल साउन ३१ गते रोज ३ शुभम् ।

१५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको WO-१००१, उत्प्रेषण परमादेश, *तुल्फीदेवी मण्डल वि. मखना मण्डल समेत*

लेनदेन मुद्दाको फैसलाले ठहरेको रकम प्रतिवादीले धनुषा जिल्ला अदालतमा दाखिल गरेको धरौटी रकममध्येबाट बुझिलिएको भन्ने निजले धनुषा जिल्ला अदालतमा भूलसुधार गरिपाऊँ भनी दायर गरेको निवेदनको व्यहोराबाट देखिएको र उक्त कुरालाई यी रिट निवेदक तुल्फीदेवीले लुकाएर यस अदालतसमक्ष प्रस्तुत रिट निवेदन दायर गर्न आएको देखिँदा यस्तो अवस्थामा रिट जारी गर्न उपयुक्त नदेखिने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल बैशाख ८ गते रोज ५ शुभम् ।

१६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७-CI-०६४२, निर्णय बदर मोही नामसारी, *बालदेव राउत अहिर वि. बैजनाथ राउत अहिर*

वादी बैजनाथ राउतलाई मखन राउत अहिरको श्रीमती लक्ष्मीनियाले मिति २०४२।११।२४ को लिखतद्वारा धर्मपुत्र राखेकोमा विवादित कित्ता नं. १३९ को ०-७-१० जग्गाको मोही हक धर्मपिता मखन राउतको मृत्युपश्चात् निजको श्रीमती लक्ष्मीनियाले जोतभोग गरी आएकोमा निजको समेत मिति २०५१।४।१५ मा मृत्यु भएपश्चात् धर्मपिता मखन राउत अहिरको नाउँमा दर्ता रहेको मोही हक निजको धर्मपुत्र बैजनाथ राउत अहिरको नाममा नामसारी नहुने भन्न कानून र न्यायको रोहमा समेत मिल्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल साउन २७ गते रोज ६ शुभम् ।

१७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६५-WO-०६५७, उत्प्रेषणयुक्त परमादेश, *बालकृष्ण शर्मा वि. क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यपश्चिमाञ्चल वीरेन्द्रनगर सुर्खेत*

निवेदक बालकृष्ण शर्मालाई शिक्षक पदबाट अवकाश गर्ने निर्णय गरी २०६५।२।३ गतेको गोरखापत्रमा ७ दिने सूचना समेत प्रकाशित भएको मिसिल संलग्न कागजातबाट देखिन्छ । कारवाहीको क्रममा पृथ्वीनारायण प्राथमिक विद्यालयको अनुरोधमा जिल्ला शिक्षा कार्यालय, हुम्लाको च.नं. ५१३ मिति २०६५।२।३० को पत्रद्वारा निवेदक बालकृष्ण शर्माको नाउँमा पत्र प्राप्त भएको ७ दिनभित्र विद्यालयमा गैरहाजिर हुनुको कारणसहित सप्रमाण उपस्थित हुनको लागि निजको घर ठेगानामा पत्र पठाइएकोमा निज जिल्ला शिक्षा कार्यालय हुम्लामा आफू बिरामी परेकोले विद्यालयमा हाजिर हुन नसकेकोले जिल्ला शिक्षा कार्यालय हुम्लामा काजमा राखिपाऊँ भनी २०६५।४।१४ मा निवेदन दिएको प्रमाणमा प्राप्त हुन आएको मिसिलबाट देखिन्छ । तर निवेदकले दिएको निवेदनमा आफू बिरामी भै आफू कार्यरत् विद्यालयमा हाजिर हुन नसकेको भन्ने कुराको अस्पतालको जाँच परीक्षण रिपोर्ट समेतका कागजात पेश गर्न सकेको अवस्था नदेखिने ।

मिति २०६४।५।२६ सम्म सम्बन्धित विद्यालयमा हाजिर रहेको निवेदकलाई २०६४।४।२६ गतेदेखि नै लागू हुने गरी अवकाश दिने हदसम्म क्षेत्रीय शिक्षा निर्देशनालय मध्यपश्चिमाञ्चल सुर्खेतको २०६५।११।१ को निर्णय त्रुटिपूर्ण देखिन्छ । तर निवेदक बालकृष्ण शर्मा २०६४।५।२६ गतेदेखि नै लामो समयसम्म आफू कार्यरत् विद्यालयलाई कुनै जानकारीसम्म नदिई गैरजिम्मेवारीपूर्ण तरिकाले बिदा समेत स्वीकृत नगराई गैरहाजिर रहेको र विद्यालयको तर्फबाट निजलाई हाजिर हुन आउनु भनी निजको घर ठेगानामा पत्राचार गर्दा समेत अवज्ञा गरी उपस्थित नभएपछि मिति २०६५।२।३ को गोरखापत्र दैनिकमा ७ दिनको सूचना प्रकाशित गर्दा समेत आफू कार्यरत् विद्यालयमा हाजिर हुन नआएको अवस्थामा स्पष्टीकरणको मौका समेत नदिई प्राकृतिक न्यायको सिद्धान्तको पालना नभएको भन्ने निवेदन जिकीर तथ्यमा आधारित देखिन आएन । यसरी आफूले पूरा गर्नुपर्ने न्यूनतम् दायित्व समेत निर्वाह नगरी भविष्यप्रति बेवास्ता गरी उल्लिखित कानूनी व्यवस्थाबमोजिम पूरा गर्नुपर्ने आफ्नो पदीय दायित्व निर्वाह नगरेको अवस्थामा निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल साउन २४ गते रोज ३ शुभम् ।

१८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७-CI-१२७४, घरबासको मोही लगत कट्टा, *सुरजितकुमार सिँह वि. मुसहर मियाँ*

फिल्डबुक एवं जग्गाधनी प्रमाणपूर्जा समेतबाट प्रतिवादीको बाबु उसमान मियाँको नाम मोही लगतमा कायम रहेको मिसिल संलग्न स्रेस्ताबाट देखिएको र उक्त जग्गामा प्रतिवादीको तर्फबाट घर समेत बनाई परापूर्वकालदेखि बसोबास गरी निरन्तर भोगी आएकोमा वादीले मोही उसमान मियाँको मृत्युपश्चात् मौकामा बाधा विरोध नगरी प्रतिवादीलाई मोही स्वीकार गरी आएको अवस्थामा हाल आएर विवादित जग्गाको मोही हकबाट प्रतिवादीलाई बञ्चित गर्नु कानून र न्यायको रोहमा समेत मिल्ने देखिन नआउने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल साउन २७ गते रोज ६ शुभम् ।

**इजलास नं. ५**

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको दे.पु.नं. CI-०३१२, परमादेश, *योगेन्द्र यादव वि. नेपाल बैंक लिमिटेड ,प्रधान कार्यालय समेत*

पुनरावेदकले विपक्षी बैंकको मलंगवा शाखामा कार्यरत रहँदा फर्जी भुक्तानी समेत गरेउपर ठगी समेतका मुद्दा चलेको कुरालाई स्वीकार गरेकै देखिन आउँछ। साथै ब.हि.नं. २४०४५ बाट फर्जी भएको रू.१,५०,०००।- को हकमा हस्तलिखित तथा दस्तखत परीक्षणको लागि राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा पठाइएको र सो जानकारी प्राप्त नभएको कारण निवेदन माग दावीको रकम रोक्का राखेको भन्ने समेत नेपाल बैंक लिमिटेडको पत्रबाट देखिन्छ। सोही अनियमितता भएको रकमको सम्बन्धमा यी पुनरावेदकलाई १ ग्रेड घटुवा गर्ने गरी विभागीय कारवाही भएको भन्ने तथ्यलाई पनि निवेदकले स्वीकार गरेकै देखिन्छ। यी निवेदक योगेन्द्र यादव बैंकको सेवाबाट अवकाश लिई उपदानको सुविधा लिएको भन्नेमा पनि विवाद देखिदैन। विचाराधीन ठगी समेतको मुद्दाहरूको अन्तिम निर्णयबाट नै यी पुनरावेदक कसूरदार हुन्, होइनन् र यिनीउपर बिगोसम्बन्धी दायित्व रहने, नरहने कुराको टुङ्गो लाग्ने हुँदा निवेदकको मागबमोजिम आदेश जारी गर्न नपर्ने।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः विदुषी रायमाभी

इति संवत् २०६८ साल बैशाख २९ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको पुनरावेदन नं. CI-०८९६, निषेधाज्ञायुक्त परमादेश, *बालेश्वरप्रसाद यादव वि. विश्वनाथप्रसाद यादव*

विद्यालयमा भएको अनियमितताको सम्बन्धमा निवेदन दिएपछि प्रचलित शिक्षा ऐन, नियमबमोजिम तत्सम्बन्धमा छानबीन गरी विवादको समाधान गर्नु नियामक निकाय भएको कारणबाट जिल्ला शिक्षा कार्यालयको जिम्मेवारी र दायित्वभित्र पर्दछ। आफूले कानूनबमोजिम निर्वाह गर्नुपर्ने दायित्व छिटो छरितो र कानूनसंगत किसिमले निर्वाह नगरी बिलम्ब गरेबाट मिति २०६५।५।१ मा दिएको निवेदनका सम्बन्धमा आवश्यक कारवाही गर्नू भनी जिल्ला शिक्षा कार्यालयका नाममा परमादेश जारी भएबाट यी बालेश्वरप्रसाद यादवलाई के, कुन अधिकारको हनन् हुने हो स्पष्ट रूपमा उल्लेख हुन सकेको पाइएन। निजले पाएको नियुक्ति कानूनसँगत रूपमा सम्पन्न भएको भए परमादेशबमोजिम जिल्ला शिक्षा कार्यालयबाट हुने कारवाहीबाट निजलाई अन्यथा असर पर्न सक्ने अवस्था भनी भएन। साथै निजको नियुक्तिको सम्बन्धमा विवाद उठेपछि त्यसको सम्बन्धमा पनि समाधान गर्दा निजप्रति रहेको अविश्वास हटी निजले विद्यालयको कार्य गर्न पनि सहज हुने अवस्था रहन्छ। यी पुनरावेदकले विद्यालयको शैक्षिक गतिविधिमा अवरोध सिर्जना गरेको भनी विपक्षीले यी पुनरावेदकको विरूद्ध निवेदन गरेको भए पनि निज विरूद्ध निषेधाज्ञाको आदेश जारी गरेको अवस्था हुँदा निज विरूद्ध अन्यथा असर परेको पनि नदेखिँदा पुनरावेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल बैशाख २९ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको दे.पु. नं. CI-०३४२, निषेधाज्ञा परमादेश समेत, *पवनन्दन शरण, वि. मणिभूषणप्रसाद साह*

कानूनमा तोकिएबमोजिमको प्रक्रिया पूरा गरी विद्यालयको उचित व्यवस्थापन र हितको लागि विद्यालय व्यवस्थापन समितिले प्र.अ. को नियुक्ति सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्ने नै हुन्छ। तर निवेदनमा उल्लेख गरे झैं विद्यालय व्यवस्थापन समितिको कुनै एक पदाधिकारीले व्यक्तिगत तवरबाट कुनै प्रवृत्त भावनाले प्रेरित भई नि.प्र.अ. मा फेरबदल गरिरहन न्यायसंगत नहुने। स्थायी प्रधानाध्यापकको व्यवस्था नभएसम्मका लागि विद्यालय व्यवस्थापन समितिले निर्णय गरी तत्कालका लागि निमित्त प्रधानाध्यापक

भई काम गर्न दिएकोमा त्यसमा कानूनविपरीत हस्तक्षेप गर्नु उचित नहुने ।
इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल बैशाख २९ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको दे.पु.नं. CI-०५४२, निषेधाज्ञा मिश्रित परमादेश, *जीतनारायण यादव समेत वि. बालकृष्ण प्रा.वि.को विद्यालय व्यवस्थापन समिति, धनुषा समेत*

शिक्षा ऐन, २०२८ को दफा १२(५) मा उल्लिखित ३ वर्षे कार्यकाल लागू हुने हो, होइन भन्ने सम्बन्धमा स्पष्ट उल्लेख गरेको पाईदैन । यस्ता प्रस्तावित विद्यालयहरूको सञ्चालनको अनुमतिप्राप्त गरेपछि व्यवस्थापन समिति गठन, पदावधि समेत कति हुने भन्ने सम्बन्धमा अनुमति प्रदान गर्ने निकायमा विस्तृत व्यवस्था गर्ने दायित्व रहन्छ जसबाट मात्र विद्यालय सूचारू रूपमा अगाडि बढ्न सक्ने ।

समानान्तर व्यवस्थापन समिति गठन भैरहेको देखिएको र यी पुनरावेदकको अध्यक्षतामा गठन समितिले आफ्नो वैधनिकताको दावी लिई केही समय खाता समेत सञ्चालन गरेको देखिएको र जिल्ला शिक्षा कार्यालयको जवाफ समेतबाट ब्रम्हदेव यादवको अध्यक्षतामा गठित समिति नै वैधानिक भएको भन्ने देखिएको सन्दर्भमा सो समितिले गर्ने काम कारवाहीमा अवरोध हुन सक्ने सम्भावना रहेको देखियो । अतः निषेधाज्ञाठ मिश्रित परमादेश जारी गर्ने गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६६।६।२७ को आदेश मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल बैशाख २९ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको दे.पु. नं. CI-१२७४, परमादेश/निषेधाज्ञा समेत, *ने.क.पा. एमाले गाऊँ पार्टी कार्यालय बाँसबारी, सिन्धुपाल्चोक समेत वि. भानुभक्त पोखरेल समेत*

मेलम्ची खानेपानी आयोजनाको लागि आवश्यक पर्ने जग्गा अधिग्रहण गरी जग्गाधनीलाई मुआब्जा समेत प्रदान गरी प्रचलित कानूनबमोजिम जग्गाधनी समेतको सहमतिमा जग्गाप्राप्त गर्ने प्रयास भएकोमा मुआब्जा दिने पक्ष र लिने पक्षका बीचमा कुनै विवाद रहेको नदेखिई तेस्रो पक्ष यी निवेदकले निषेधाज्ञा समेतको माग गरी निवेदन गरेको देखिन्छ । आफूले मुआब्जा प्राप्त गरिसकेपछि सो जग्गाको स्वामित्व पनि आफूमा नरहने भए पनि मुआब्जा प्राप्त गरिसकेको जग्गाको नाताले प्रस्तुत निवेदन दिएको देखिन्छ । मुआब्जा दिने अख्तियारप्राप्त निकायले मुआब्जा प्रदान गर्दा अपनाउनु पर्ने कानूनी प्रक्रियाअन्तर्गत वास्तविक जग्गाधनी को हो सो सम्बन्धमा आवश्यक प्रमाण समेत बुझी प्राप्त गरिने जग्गाको मुआब्जा वितरण गर्नुपर्ने हुन्छ । यसरी अधिकारप्राप्त निकायबाट कानूनबमोजिम गर्न लागिएको मुआब्जा प्रदान गर्ने कार्यबाट यी पुनरावेदकहरूको हकहितमा कुनै प्रतिकूल असर पुग्न जाने आशंकाको विद्यमानता रहेको नदेखिँदा निवेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।
इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल बैशाख २९ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-MS-०००१, सर्वोच्च अदालतको अपहेलना, *सानुबहादुर श्रेष्ठ वि. उपराष्ट्रपति परमानन्द झा, उपराष्ट्रपतिको कार्यालय, काठमाडौं*

कुनै पनि व्यक्तिको अन्य व्यक्तिसँग के कस्तो सम्बन्ध रहन्छ भन्ने विषय ती सम्बन्धित व्यक्तिहरूको आपसी विषय भएको र यस्तो सम्बन्ध व्यक्तिहरूको आचरण र व्यवहारको विषय हो । न्यायाधीशको पनि व्यक्तिगत रूपमा अन्य व्यक्तिहरूसँग सुमधुर वा कटुतापूर्ण सम्बन्ध हुन सक्दछ । यस्तो व्यक्तिगत कटुतापूर्ण सम्बन्ध अदालतको अपहेलनाको विषयवस्तु बन्न नसक्ने ।
इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल चैत २४ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६ सालको WO-०९३२, उत्प्रेषण परमादेश, *मञ्जू श्रेष्ठ चापागाई वि.नारायणप्रसाद श्रेष्ठ समेत*

वैदेशिक रोजगार ठगी मुद्दामा दुईजना प्रतिवादीमध्ये दुबैको अलग-अलग कसूरजन्य क्रियाको आधारमा कसूर सजाय र बिगोको निर्धारण भएकोले त्यसलाई सगोलको अर्को सदस्यबीच विभाजन गर्न वा बाँड्न मिल्दैन। फैसलाले नै संयुक्त दायित्व र व्यक्तिगत दायित्व अलग्याएर बिगोसम्बन्धी दायित्वको सीमा निर्धारण गरेको छ भन्ने तर्क र सामान्य कानूनी व्यवस्थाको आधारमा फैसलाद्वारा निर्धारित सीमामा घटी वा बढी गर्न पाइँदैन। जे जस्तो छ सोहीअनुरूप कार्यान्वयन हुनु पर्ने।

कि.नं. ५१ को घर जग्गा रिट निवेदिका मञ्जुकुमारीले आफ्नो बाबु नारायण श्रेष्ठबाट २०५८।८।२७ मा हालैको बकसपत्रबाट प्राप्त गरेको देखिन्छ। बकसपत्रबाट प्राप्त गरिएको उक्त घर जग्गा निजले आफूखुश गर्न पाउने निजको एकलौटी हकभोगको भएकोले त्यसबाट निजको पति राजकुमारले अंश पाउने स्थिति पनि छैन। सगोलको सम्पत्ति नभएकोले त्यसबाट पनि राजकुमारको अंशबापत पनि प्राप्त गर्न नसक्ने अवस्था हुँदा निवेदिकाको नाममा दर्ता भएको र स्त्री अंशधनको महलको ५ नं. अनुसार स्त्री अंशधन देखिँदा एकलौटी हकको उक्त कि.नं. ५१ को घर जग्गाबाट निजको पतिको व्यक्तिगत एकल दायित्वभित्रको बिगो असूल गर्न वा भराउन नमिल्ने।

रिट निवेदिका र राजकुमार चापागाईले संयुक्त रुपमा भरी दिनु पर्ने ठहरेको बिगो रू.३१,५०,०००।- को आधी रू.१५,७५,०००।- (अक्षरेपी पन्ध्र लाख पचहत्तर हजार) बिगोबापत् मात्र निवेदिकाको निजी आर्जनको कि.नं. ५१ को घर जग्गा लिलाम गर्न सकिनेमा सोभन्दा बढी बिगो रू.३९,५७,०००।- बापत मिति २०६६।१२।९ मा गरिएको लिलाम र सोपश्चात् सोसँग सम्बन्धित दर्तालगायतका अन्य कामकारवाही कानूनी त्रुटिपूर्ण देखिएको र त्यसबाट निवेदिकाको सम्पत्तिसम्बन्धी हकमा प्रत्यक्ष असर परेकोले उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब पहिलाकै पञ्चकृते मूल्याङ्कनलगायतका प्रक्रियागत कामकारवाही यथावत् राखी वैदेशिक रोजगार ठगी मुद्दाको जाहेरवालामध्ये कमलकान्त शर्माले भरी पाउने ठहरेको बिगोको आधा यी निवेदिकाको दायित्वको बिगो रू.१५,७५,०००।- बुझाउन आउनु भनी रीतपूर्वकको सूचना यी निवेदिकाको नाममा जारी गरी सो रकम निजले सोही सूचनाको म्यादभित्र नबुझाएमा निजको हकदर्ताको उक्त कि.नं. ५१ को घरजग्गाबाट लिलाम समेत गरी उक्त बिगो भराउने काम गर्नु भनी ललितपुर जिल्ला अदालतको नाममा परमादेशको आदेश समेत जारी हुने।

इजलास अधिकृतः दयाराम ढकाल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल असार १२ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६३ सालको WO-५५२, उत्प्रेषण परमादेश, *मञ्जू श्रेष्ठ चापागाई वि. दिपोदास श्रेष्ठ समेत*

निवेदिका र विपक्षी दीपोदास श्रेष्ठबीच रकम लिनु दिनु गरी एकआपसमा लेनदेनको कागज भएपछि यी निवेदिका मञ्जू श्रेष्ठले भाखाभित्र रकम नबुझाउँदा लेनदेनको कागज भएपछि यी निवेदिका मञ्जु श्रेष्ठले भाखाभित्र रकम नबुझाउँदा लेनदेनको फिराद दायर भएको र त्यसमा प्रतिउत्तर नपरेकोले एकतर्फी रूपमा यी निवेदिकाले रकम तिर्नु पर्ने गरी फैसला भएको देखिन्छ। लेनदेन मुद्दाको फिरादसाथ पेश भएको लेनदेनको कागज हेर्दा दिपोदास श्रेष्ठबाट मञ्जूकुमारीले रू.४,००,०००।- (चार लाख) व्यापार व्यवसाय गर्न ऋण लिई भाखाभित्र तिर्ने कबुल गरी भाखाभित्र तिर्न नसके कि.नं. ५१ को जग्गाबाट असूल गरेमा मञ्जूर छु भन्ने व्यहोरा उल्लेख गरी सहीछाप समेत गरेको देखिन्छ। लेनदेन मुद्दामा यी निवेदिका मञ्जू श्रेष्ठका नाममा तामेल भएको इतलायनामा म्याद हेर्दा रीतपूर्वक नै तामेल भएको देखिन्छ। लेनदेन मुद्दामा रीतपूर्वक म्याद तामेल भएपछि कानूनबमोजिम प्रतिउत्तर नलगाई बस्ने निवेदिकाले प्राकृतिक न्यायको सिद्धान्तअनुसार जानकारी नै नदिई फैसला भएकोले संविधानप्रदत्त हकमा असर परेको

भनी यस अदालतको असाधारण अधिकारक्षेत्रको बाटो अवलम्बन गरी रिट लिई आउन नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल असार १२ गते रोज १ शुभम् ।

**इजलास नं. ६**

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७-RC-००५२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अर्जुन राई*

वारदातको दिन २०६५।११।७ गते साँझको समयमा बाटोमा प्रतिवादी र मृतकको भेट भएको सो समयमा दुबैबीच ठट्टा मस्करी हुने क्रममा मृतकले निजलाई ढुंगाले हानेको कारण यी प्रतिवादीमा प्रतिशोधको भावना जागेको र सोही भावना ज्यानै लिनेसम्मको आपराधिक मनसायमा परिवर्तन भई ज्यान लिएको देखिन्छ । समयको अन्तराल हेर्दा जुन स्थानमा दुबैबीच पहिला कुराकानीलगायतको क्रियाकलाप भई प्रतिवादीले प्रयोग गरेको बचनलाई सहन नगरी मृतकले ढुंगा प्रहार गरेपछि यी प्रतिवादीले तत्कालै सो ठाउँमा संयमता अपनाउन सक्ने पर्याप्त समय हुँदा हुँदै सो ठाउँबाट लखेट्दै लगी जंगलमा पुऱ्याई पहिलो प्रहार बक्सिडले मृतकको छातीमा प्रहार गरेको तथ्य उजागर गरेको पाइन्छ । त्यसप्रकारको पीडा सहन गर्न नसकी अर्द्धचेतन अवस्थामा मृतक भूईंमा लडेको मौका छोपी आफ्नो साथमा रहेको खुकुरी निकाली संवेदनशील अंग घाँटीमा प्रहार गरी टाउको र शरीर दुई भाग पारेको छ । मृतकलाई भाग्न उम्कन नदिई लखेट्दै जंगलमा पुऱ्याई पहिला मृतकको शरीरको विभिन्न भागमा बक्सिडले प्रहार गरी भूईंमा लडाई त्यसपछि क्रूर तथा अमानवीय रूपमा घाँटीमा खुकुरीले प्रहार गरी कर्तव्य गरी मृतकलाई मारेको तथ्य शंकारहित तवरबाट पुष्टि हुन आएको हुँदा प्रतिवादी अर्जुन राईले मृतक शर्मीला भित्रीकोटी दर्जीलाई धारिलो हतियार खुकुरी प्रहार गरी घाँटी छिनाई कर्तव्य गरी मारेको तथ्य प्रतिवादीको साविती बयानलगायत अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएको हुँदा निज प्रतिवादी अर्जुन राईलाई ज्यानसम्बन्धी महलको १ नं. को कसूरमा सोही महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत, दीपक ढकाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७-RC-००९३, कर्तव्य ज्यान, *नेपाल सरकार वि.सुरेशकुमार राजवंशी*

दिदी भिनाजुले मलाई पटक-पटक गाली गर्ने गरेकोले मिति २०६४।४।८ गते १४:३० बजेको समयमा म खेतमा काम गरी घरमा फर्की आई कोठामा सुतिरहेका भाञ्जा करनकुमार राजवंशीलाई धारिलो हतियार तरवारले घाँटीमा प्रहार गरी सख्त घाइते बनाएकोमा निजको उपचारको लागि लादै गर्दा बाटोमा नै मृत्यु भएको हो मैले करनकुमार राजवंशीलाई कर्तव्य गरी मारेको हुँ भनी कसूरमा सावित रहेका देखिन्छन् । अदालतमा बयान गर्दा दिदी भिनाजु/माइतीमा बसी सित्तैमा खाना खाइरहेको विषयमा विवाद भै रहन्थ्यो । मिति २०६४।४।८ गतेका दिन पनि त्यसै विषयमा विवाद भयो । जाहेरवाला भिनाजु फेक्ट्रीमा काम गर्न कटहरी जानु भएको थियो । घरमा बुबा आमा दिदीहरू हुनहुन्थ्यो । भाञ्जा करन कोठामा सुतिरहेको अवस्थामा घरमा भएको तरवार झिकी भाञ्जाको घाँटीमा एक पटक प्रहार गरको हुँ । त्यसपछि म भागेर गाउँतिर गएको हुँ भनी अधिकारप्राप्त अधिकारीसमक्षको बयान समर्थित हुने गरी कसूर गरेमा सावित भई बयान गरको देखिन्छ । वस्तुस्थिति मुचुल्काका व्यक्तिहरू ओमप्रकाश गुप्ता समेतको मिति २०६४।४।८ गतेको दिन प्रतिवादी सुरेशकुमार राजवंशीले आफ्नै भाञ्जा करनकुमारलाई धारिलो हतियार तरवारले घाँटीमा प्रहार गरी सख्त घाइते बनाएकोमा उपचारको लागि लैजाँदै गर्दा बाटोमा नै मृत्यु भएको र निज प्रतिवादीकै चोटको कारणबाट निज करनकुमारको मृत्यु भएको भनी उल्लेख गरेको देखिँदा प्रतिवादी सुरेशकुमार राजवंशीले वर्ष ५ को एक अवोध बालकमाथि धारिलो हतियार प्रहार गरी

कर्तव्य गरी मारेको तथ्य प्रतिवादीको साविती बयानलगायत अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएको हुँदा निज प्रतिवादी सुरेशकुमार राजवंशीलाई ज्यानसम्बन्धी महलको १ नं. को कसूरमा सोही महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** ०६५-CI-०५९४, मोही नामसारी, *सावित्रीदेवी श्रेष्ठ वि. मधुकर बस्नेत*

मिसिल संलग्न नाता प्रमाणित समेतको प्रतिलिपि नक्कलबाट प्रत्यर्थी कृष्णकुमार बस्नेत देवकुमारी बस्नेत धलेनीको एक मात्र हकदार छोरा देखिएको छ । यसका अतिरिक्त यी पुनरावेदक रवीन्द्रनाथ श्रेष्ठको मिति २०५१।५।३१ मा मालपोत कार्यालयमा उक्त कि.नं. ७५ को जग्गा भोगबन्धकबाट निखनाई पाउँ भनी दिएको निवेदनमा उक्त जग्गाको मोही वीरबहादुर बस्नेतको श्रीमती देवकुमारी हुन् भनी स्वीकार गरी निवेदन दिएको देखिएको अवस्थामा हाल आएर यी पुनरावेदकले निज देवकुमारी उक्त जग्गाको मोही थिएनन् भनी जिकीर लिन विवन्धनको सिद्धान्त (Doctrine of Estopel) ले समेत निजलाई सहयोग गर्न सक्ने देखिँदैन । एकपटक आफूसँग सम्बन्धित तथ्यको बारेमा आधिकारिक रूपमा एउटा कुरा व्यक्त गरिसकेको अवस्थामा आफूलाई फाइदा हुन्छ भन्ने आधारमा सो तथ्य बदल्न नसकिने भन्ने उक्त सिद्धान्तअनुसार यी पुनरावेदकले मिति २०६२।१।१६ मा भूमिसुधार कार्यालयमा पेश गरेको लिखित जवाफमा निज देवकुमारी बस्नेतलाई विवादित जग्गाको मोही भएको तथ्य इन्कार गर्न सक्ने अवस्था हुँदैन । यसबाट निज देवकुमारी विवादित जग्गाको मोही भएको देखिन आयो । निज देवकुमारी बस्नेतका दुई हकदार भएको देखिएकोमा यी प्रत्यर्थीका स्वर्गीय भाइको श्रीमती देवकी बस्नेतले आफ्नो अंश लिई बाँकी अंश छोडपत्र गरिदिएको देखिएको र यी प्रत्यर्थी कृष्णबहादुर मात्र देवकुमारीको एकमात्र हकदार रहेको देखिएकोले यी प्रत्यर्थीको नाममा मोहियानी हक नामसारी हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल असार १७ गते रोज ६ शुभम् ।

**इजलास नं. ७**

१

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६२ सालको फौ.पु.नं. ३४६६, ३७३९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कृष्णवंश ओझा, कृष्णवंश ओझा वि. नेपाल सरकार*

मिति २०५८।४।१८ मा लेखनाथ नगरपालिका वडा नं. ३ वडा कार्यालयमा मृतक शुभद्रा बराल, जाहेरवाला मित्रप्रसाद र यी पुनरावेदक प्रतिवादी कृष्णवंश स्वयंको उपस्थितिमा भएको मिलापत्र गर्ने सम्बन्धी छलफल कार्यक्रम र निज कृष्णवंशले "मैरै डर त्रासले निज शुभद्रा बरालले प्र.स.नि. पदमा जागीर नखाएकी हुन् भनी निज समेतको हस्ताक्षरसहितको सो मिलापत्र कागजबाट पनि उल्लिखित व्यक्तिको बकपत्रको सच्याइएको सत्यता पुष्टि हुन्छ । यी पुनरवेदकले यस अदालतमा गरेको पुनरावेदनपत्रमा उक्त मिलापत्र अनाधिकृत भएको र मृतक शुभद्रा स्वयंले उजूरी नदिएको भन्ने जिकीर लिए तापनि निज प्रतिवादी कृष्णवंश समेत उपस्थित भई हस्ताक्षर गरी आफूले डर, त्रास दिएको हुँ भनी स्वीकारेको स्थितिमा सो मिलापत्र परिस्थितिजन्य प्रमाणको एक कडीको रूपमा रहेको छ । परिस्थितिजन्य प्रमाणको कडीको रूपमा रहेका अन्यथा प्रमाणित नभएका लिखत, चीज, आदि वस्तुहरू गम्भीर प्रकृतिको फौजदारी मुद्दामा प्रमाण ग्राह्य हुन्छन् । त्यस्ता प्रमाणहरूलाई ठाडै नकार्न नमिल्ने ।

मृतकसँग यी प्रतिवादीको पहिलादेखि नै हिमचिम भई निरन्तर सम्पर्कमा रही रहनु, प्रहरीमा जागीर नखानु खाएमा ठीक हुने छैन भनी मृतकलाई पटक-पटक गम्भीर धम्की र त्रास दिनु, त्यस्तो कुरा मृतकको पत्रमा मार्मिक रूपमा उल्लेख हुनु, यी पुनरावेदक समेतको रोहबरमा वडा कार्यालयमा भएको मिलापत्रसम्बन्धी छलफलमा सो

कुरा निजले स्वीकार्नु, "मृतक शुभद्राको मृत्यु हुनु ठीक अघिसम्म यी प्रतिवादी मृतकसँगै देखिनु लास जाँच प्रकृति मुचुल्काबाट मृतकको छाती तथा पेटमा पानी नदेखिनु, घाँटीमा रगत जमेको डाम देखिनु र पेटमा पानी नरहेको भन्ने तथ्य उल्लेख हुनुको बाबजुद पनि डाक्टरले मृतकको मृत्यु पानीमै डुबेर भएको हो भनी विवादास्पद राय दिनु, जाहेरवालालगायत भक्ति उपाध्यायलगायतका मौकामा बुझिएका व्यक्तिहरूले यी पुनरावेदक प्रतिवादी कृष्णवंश ओझाकै कर्तव्यबाट मृतक शुभद्रा बरालको मृत्यु भएको भनी किटानी बकपत्र गरिदिनु लगायतका परिस्थितिजन्य प्रमाणहरूबाट शुभद्रा बरालको मृत्यु यिनै पुनरावेदक कृष्णवंश ओझाकै कर्तव्यबाट भएको पुष्टि हुँदा निजलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने।

इजलास अधिकृतः बसन्तजंग थापा

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल पुस ११ गते रोज १ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६-CI-०७९६, दर्ता बदर हक कायम, *मोहमद अमान खाँ वि. गीतादेवी अहिर*

वादी र प्रतिवादीका दाताले एकै व्यक्ति जाकिर हुसेनबाट जग्गा खरीद गरी लिएको देखिन्छ। साविक स्रेस्तामा कि.नं. २५५ मा ज.वि. ०-५-१० देखिएकोमा नापीका अवस्थामा कि.नं.२५५ र ३६२ एकै कित्ता ५१६ मा नापी भएको कारणबाट उक्त कि.नं. ५१६ बाट कित्ताकाट गराई प्रतिवादी गीतादेवी अहिरले आफ्नो नाममा दर्ता गराउने क्रममा जग्गा छुट्याउँदा कि.नं. ९९६ मा ज.वि. ०-४-१७ र कि.नं. ९९५ मा ज.वि. ०-१-०(३३८.६३ व.मी) कायम भएको देखिन्छ। वादी कविर अहमद खाँको कि.नं. २५५ र प्रतिवादी गीतादेवी अहिरको कि.नं. ३६२ को जग्गा साविक नक्साबाट के कति देखिन्छ भनी ट्रायल चेक गराउँदा कि.नं. २५५ मा ज.वि. ०-४-१७ र कि.नं. ३६२ मा ज.वि. ०-१-८ देखिएको भन्ने नापी शाखा गुलरियाको पत्रबाट देखिन्छ। यसरी दुबै पक्षको जग्गा नरघटी भएको तथ्यमा पनि विवाद भएन। सर्भेको नक्सामा बाटो जनिएको जग्गाको आकृतिसँग अदालतबाट भई आएको नक्सासँग जग्गाको आकृति भिडेको छ। अर्कोतर्फ गीतादेवीको उत्तरतर्फ रहेको नक्साको न.नं. ३ मा उल्लिखित लल्लन यादवको जग्गाको आकृति र प्रतिवादी गीतादेवीको जग्गाको आकृति पनि नक्सा विवरणबाट कि.नं. ९९५ मा साविक स्रेस्ताभन्दा कम र हालको स्रेस्ताभन्दा बढी जग्गा देखिएको छैन। आफ्नो जग्गा नपुग भएकोले प्रतिवादी गीतादेवीको जग्गा ०,०३२१ व.मी. बाटोमा परेको भन्ने वादीको भनाई साविकको नापीको सर्भे नक्सा, हालको नापीको सर्भे नक्सा तथा अदालतबाट भएको नक्सा समेतबाट पुष्टि हुन सकेको छैन। साविक स्रेस्ताबमोजिम दुबैको जग्गा नपुग भएको स्थितिमा प्रतिवादीको जग्गाबाट आफूलाई दिलाई साविक स्रेस्ताबमोजिम हुनुपर्ने भन्ने वादीको भनाई न्यायसम्मत् नदेखिने।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६८ साल जेठ २२ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५-CI-०६७२, दर्ताफारी, *शर्मीला बज्राचार्य वि. सर्वज्ञराज बज्राचार्य*

कि.नं. ४० को क्षे.फ. ५-०-०-० जग्गा उत्तरदक्षिण चिरा पारी पूर्वतर्फको आधा क्षे.फ. २-८-०-० जग्गा कित्ताफोड गरिपाऊँ भन्ने कित्ताफोड मुद्दामा सर्वज्ञराज बज्राचार्यको र सोही तर्फबाट दर्ताफारी गरिपाऊँ भनी दर्ता फारी मुद्दामा तोकिएको शर्मीला बज्राचार्यले एकैतर्फबाट जग्गा छुट्ट्याई लिनको लागि दुबै पक्षले छुट्टाछुट्टै दावी लिएको पाइन्छ। एउटै जग्गामा दुबै पक्षको दावी एउटै तर्फको देखिँदा यस्तो एकै कित्ताको जग्गामा दुबै पक्षको एउटै दावी परिपूर्ति गर्न जग्गाको प्रकृतिबाट नै सम्भव हुँदैन। यस्तो अवस्थामा नरमकरम मिलाई जग्गा छुट्ट्याई लिनुको अर्को विकल्प नदेखिँदा विवादित कि.नं. ४० को जग्गा नरम करम मिलाई दर्ता फारी गरी दुबै पक्षले छुट्ट्याई लिन पाउने।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः धनबहादुर गुरुङ्ग

इति संवत् २०६८ साल जेठ २२ गते रोज १ शुभम्।

- यसै लगाउको २०६५-CI-०६७३, किर्त्ताफोड, *शर्मिला बज्राचार्य वि. सर्वज्ञराज बज्राचार्य* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५-CI-०५०८, जग्गा खिचोला चलन, *कमर अहमद खाँ वि. विनोदकुमार गुप्ता*

नक्सा मुचुल्कामा न.न. ५ मा अवस्थित रहेको घरले चर्चेको जग्गा बाहेक न.नं. ६ को ३६ फिट लम्बाई र ५.५ फिट चौडाई र न.नं. ७ को १४ फिट लम्बाई र ८ फिट चौडाइको जग्गा वादीले चलन चलाई पाउने ठहर गरेको पुनरावेदन अदालतको फैसलामा प्रतिवादीले चित्त बुझाई पुनरावेदन गरेको नदेखिँदा सो हदसम्म प्रस्तुत पुनरावेदनको रोहबाट केही बोली रहन परेन । अरू न.नं. ५ को घरले चर्चेको जग्गा चलन चलाउन नमिल्ने भनी ठहर गरको पुनरावेदन अदालतको फैसला मिलेको छ छैन भनी सोतर्फ विचार गर्दा माथि विवेचित आधार प्रमाणबाट घर हटाई पाऊँ भन्ने सो हदसम्मको दावी खारेज भई प्रतिवादीको बसोबास भएको न.नं. ५ को घर यथावत कायम रहने र प्रतिवादीले बसोबास गर्न पाउने ठहर भएपछि सो घर भएको जमीनको चलन चलाई दिन हुन सक्ने स्थिति नहुँदा शुरूको फैसला केही उल्टी गरी घरले चर्चेको न.नं. ५ को जग्गा बाहेक गरी न.नं. ६ र ७ को सोको हदसम्मको जग्गा वादीले चलन पाउने ।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः चन्दा तिमल्सेना
इति संवत् २०६८ जेठ २२ गते रोज १ शुभम् ।

**इजलास नं. ९**

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६५-CR-०३९६, अदालतको अपहेलना, *विनोदकुमार मदेसवार यादव वि. रामप्रसाद मदेसवार यादव समेत*

अदालत आफैं हरहालतमा न्याय गर्ने निकाय भएकोले न्याय र अन्यायबीचको अन्तर छुट्याउन अत्यन्त संवेदनशील भएर हेनुपर्ने हुन्छ । अदालतले बदलाको भावनासाथ अपहेलनामा कारवाही वा निर्णय गर्दैन । कार्य र परिमाणको निष्पक्ष विवेचना गरेर मात्र अपहेलना ठहर्ने/नठहर्ने र आरोपित व्यक्तिलाई सजाय गर्ने वा नगर्ने निर्णयमा अदालत पुग्ने ।

अदालतको अपहेलनासम्बन्धी विषय पक्षको निवेदनबाट समेत अदालतमा विचाराधीन हुनसक्ने विषय भए पनि यसमा अदालत आफैंले गम्भीर रूपमा विचार गरी विपक्षीको कार्य, मनसाय तथा कार्यको परिमाण समेतका आधारमा अपहेलना गरेको ठहर गर्नुपर्ने हो होइन र सजाय दिनु पर्ने हो, होइन भनी निर्णय गर्नुपर्ने विषय हो । प्रस्तुत मुद्दामा यी विपक्षीले आफूले अदालतको अपहेलना हुने गरी कुनै कार्य नगरेको र गर्ने नियत समेत नभएको भनी लिखित जवाफ फिराएको र अपहेलनाजन्य कार्य भयो भनी लिइएको निवेदन दावी समेत पुष्टि हुन नसकेको अवस्थामा विपक्षीलाई निवेदन मागबमोजिम सजाय गर्नुपर्ने अवस्था देखिन नआउने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल साउन २२ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको ०६५-CR-०५३६, अदालतको अपहेलना, *विनोदकुमार मदेसवार यादव समेत वि. रामप्रसाद मदेसवार यादव समेत*

२

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री तर्कराज भट्ट,** २०६६ फौ.पु.नं.CR-६१५, कर्तव्य ज्यान, *पर्शुराम राई वि. नेपाल सरकार*

प्रतिवादीले ज्यान मार्ने मनसाय नभएको हुँदा ज्यानसम्बन्धीको महलको १४ नं. को व्यवस्थाबमोजिम सजाय कम गरिपाऊँ भन्ने आशय व्यक्त गरेकोतर्फ हेर्दा उक्त १४ नं.मा भएको व्यवस्था हुनुपर्ने हुन्छ, उक्त व्यवस्था हेर्दा जोखिमी हतियारको प्रयोग नभई साधारण लाठी, ढुंगा, लात मुक्का इत्यादिको चोटबाट मृतकको मृत्यु भएको देखिनु पर्छ । तर प्रस्तुत मुद्दामा खुकुरी जस्तो जोखिमी हतियारको प्रयोग भएको र सोही चोटको कारणबाट मृतकको मृत्यु भएको देखिएको अवस्थामा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुन नसक्ने ।

प्रतिवादी पर्शुराम राईले धारिलो हतियार खुकुरीले मृतक गौरव राईको छातीमा घोचेको र सोही कारणबाट गौरव राईको मृत्यु भएको तथ्य निर्विवाद रूपमा स्थापित हुन आएकोले पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नम्बरबमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल साउन १८ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** ०६४-CR-०३३८, आयकर, *पवन शर्मा वि.आन्तरिक राजश्व कार्यालय हेटौंडा*

अनुमतिको निवेदन दिई राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ ले व्यवस्था गरेअनुरूपको प्रश्नमा त्रुटि भएको अवस्थामा मात्र पुनरावेदनको अनुमति प्राप्त भई सो प्रश्नको निराकरण सर्वोच्च अदालतबाट हुने हो । तसर्थ, अनुमतिको निवेदन लिई आउनेले कुन कुन कानून वा कार्यविधिको त्रुटि भएको हो सो स्पष्ट जिकीर लिनु अनिवार्य हुन्छ । राजश्व न्यायाधिकरणको फैसलामा दफा ८(ख)(ग) (घ) को त्रुटि भयो भन्ने निवेदक आउँदा सो कसरी कुन ऐनको कुन दफा वा कार्यविधिको त्रुटि भएको हो सो उल्लेख नगरेको र यस अदालतबाट अनुमति प्रदान गर्दा पनि सो उल्लेख नगरेको हुँदा यस इजलासबाट आफैले विवाद नै नगरेको अमुक कानून वा कार्यविधिको गम्भीर त्रुटि भएको भन्ने अवस्था हुँदैन । राजश्व न्यायाधिकरणको फैसलाविरूद्ध अनुमतिको निवेदन आउँदा निवेदकको दफा ८ मा वर्णित प्रश्नमध्ये यो प्रश्नको त्रुटि भयो भनी आएको अवस्थामा उक्त प्रश्नको निराकरण सर्वोच्च अदालतबाट हुने हो । तर कुनै कानूनी प्रश्न नै नउठाएको यस अवस्थामा इजलासबाट विवादमै नआएको कानूनको व्याख्याको प्रश्न खडा गर्न नहुने र राजश्व न्यायाधिकरणको फैसलाबाट कुन कानून र कार्यविधिको त्रुटि भएको हो पुनरावेदकले नै जिकीर लिन नसकेको अवस्थामा राजश्व न्यायाधिकरणको फैसला त्रुटिपूर्ण भन्न नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

इति संवत् २०६८ साल साउन २३ गते रोज २ शुभम् ।

४

**मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६ सालको दे.पु.नं. ०२८२, निषेधाज्ञा, *हसनरजा मुसलमान वि. नूरहसन मुसलमान*

बाटो खुलाई पाऊँ भन्ने सम्बन्धी व्यक्ति-व्यक्तिबीचको विवादसम्बन्धी निवेदनउपर विपक्षी प्रहरी कार्यालयले निवेदक नूरहसन मुसलमानलाई कार्यालयमा ल्याई छलफल गराएको भनी स्वीकार गरेकै देखिएको सन्दर्भमा त्यस्तो सम्पत्तिसम्बन्धी विवादका विषयमा निवेदकलाई गैरकानूनी र बलजफ्ती कागज गर्ने गराउने अनधिकृत र गैरकानूनी कार्य हुन सक्ने आशंका विद्यमान रहेको देखिँदा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल बैशाख २२ गते रोज ५ शुभम् ।

५

**मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६ सालको दे.पु.नं. ०९२७, परमादेश, *नन्दवती थरूनी वि. आशाराम चौधरी समेत*

कि.नं. ८६३ को जग्गा स्रेस्ताबाट सार्वजनिक रूपमा दर्ता कायम रहे भएको भन्ने पुष्टि हुन सकेको देखिएन । प्रस्तुत जग्गा क्षेत्रीय किताब (फिल्डबुक) बाट विपक्षी आशाराम चौधरीको नाममा जनिएको भन्ने समेत देखिएको हुँदा निर्विवाद रूपमा सार्वजनिक जग्गा कायम भएको भन्न सकिने अवस्था रहेन । अर्कोतर्फ छूट जग्गा दर्ता गर्ने नगर्ने भनी निर्णय गर्ने सम्बन्धमा कानूनबमोजिम मालपोत कार्यालय नै सक्षम निकाय भएकोमा विवाद छैन । प्रस्तुत विवादको जग्गा मालपोत कार्यालयले प्रचलित कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी सबूद प्रमाण हेरी दर्ता हुने नहुने निर्णय गर्न बाँकी नै रहेको देखियो । जग्गा दर्ता भै नसकेको अवस्थामा नै सार्वजनिक जग्गा हो भन्ने ठोस र वस्तुनिष्ठ प्रमाणको अभावमा मागबमोजिम परमादेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः चुरामन खड्का

इति संवत् २०६८ साल बैशाख २२ गते रोज ५ शुभम् ।

६

**मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या. श्री कमलनारायण दास,** २०६७ सालको ०६७-CR-०७६७, कर्तव्य ज्यान, *टोपबहादुर जि.सी. समेत वि.नेपाल सरकार*

प्रतिवादीहरू स्वयंले कसूर स्वीकार गरी गरेको बयानलाई प्रमाण ऐन, २०३१ को दफा ९ मा उल्लिखित कानूनी प्रावधानबमोजिम प्रमाणमा लिन हुने नै देखियो । साथै मिसिलसाथ पेश गरिएको मृतकको फोटो र मौकामा कागज गरी अदालतमा बकपत्र गर्ने सुरेशचन्द्र थापा, सालिकराम थापा, टीकाबहादुर गुरूङ समेतले गरी दिएको बकपत्रबाट पनि प्रतिवादीको साविती बयान समर्थित भैरहेको पाइँदा प्रतिवादीहरूले मृतक सन्तोषी जि.सी.लाई कुटपीट गरी मारेको प्रमाणित भैरहेको हुँदा प्रतिवादीहरू टोपबहादुर जि.सी. र डिलाकुमारी जि.सी.लाई अभियोग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसूर अपराधमा ऐ.को १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

प्रतिवादीहरूले मृतकलाई मार्नुपर्नेसम्मको पूर्व रिसइवी, तयारी एवं योजना नभई छोराले विदेशबाट पठाएको पैसाको विषयमा भनाभन झगडा हुँदा रिस थाम्न नसकी हात मुक्काले हान्दा मृतक मरेको देखिएको, प्रतिवादीहरूले कुटपीट गरेको कुरा स्वीकार गरी अदालतलाई न्यायिक प्रक्रियामा सहयोग पुर्‍याएको प्रतिवादीको उमेर अपराध हुँदाको कारण अवस्था र परिस्थितिलाई समेत विचार गर्दा प्रतिवादीहरूलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा न्यायको दृष्टिबाट मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादीहरूमध्येका टोपबहादुर जि.सी.लाई ७(सात) वर्ष र डिलाकुमारी जि.सी.लाई ५(पाँच) वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल असार १ गते रोज ४ शुभम् ।

७

**मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या. श्री कमलनारायण दास,** २०६६ सालको ०६६-CR-०६१४, २०६६ सालको साधक नं. ०६६-RC-००७८, कर्तव्य ज्यान, *जीतबहादुर सावद वि. नेपाल सरकार, नेपाल सरकार वि. जीतबहादुर सावद*

प्रतिवादी जीतबहादुर सावद र मृतक खजुरा सावदबीचमा २०६५ साल बैशाखमा अनुचित यौन सम्पर्क हुँदा सो अनुचित यौन सम्पर्कको कारणबाट मृतक खजुराको पेटमा गर्भ रहन गएको र गर्भ फाल्ने वा नफाल्ने सम्बन्धमा सहमति हुन नसकेपछि प्रतिवादीले मृतककै साथमा रहेको आँसीले मृतकको टाउकोमा प्रहार गरेको कारणबाट मृतक खजुरा सावदको मृत्यु भएको देखिएकोले प्रतिवादीको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसूर अपराध देखिँदा निजलाई सोही महलको १३(१) बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

मार्नुसम्मको पूर्व रिसइवी, तयारी एवं योजना नभई प्रतिवादीको आफ्नो भाउजूसँगको अनुचित सम्बन्धका कारण रहेको गर्भपतन गराउने सम्बन्धमा विवाद भई मृतककै साथमा भएको आँसी (हँसिया) ले हान्दा मृतक मरेको देखिएको, प्रतिवादीले कसूर स्वीकार गरी अदालतलाई न्यायिक प्रक्रियामा सहयोग पुर्‍याएको, अपराध गरेकोमा हाल पश्चाताप गरेको, अपराध हुँदाको कारण, अवस्था र परिस्थितिलाई समेत विचार गर्दा प्रतिवादीलाई सर्वश्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादी जीतबहादुर सावदलाई १२(बाह्र) वर्ष मात्र कैद सजाय गर्न न्यायको दृष्टिबाट उपयुक्त हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल असार १ गते रोज ४ शुभम् ।

## रायबाझी फैसला

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६७-WO-१२५०, उत्प्रेषण, परमादेश, *उमाशंकर साह समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

**मा.न्या.श्री प्रेम शर्माको रायः**

कुनै खास उद्देश्य लिई कुनै संस्था स्थापना गरिन्छ र त्यस्तो संस्था सञ्चालनार्थ सो संस्थाको प्रकृतिले नै विशिष्ट क्षमता र दक्षता भएको योग्य व्यक्ति प्रवेशको लागि समावेशीतालाई बाध्यात्मक बनाएको हुँदैन भने त्यस्तो अवस्थामा समावेशीताका

नाममा ललितकला जस्तो विशिष्टिकृत क्षेत्रमा निवेदकले दावी लिएबमोजिम मजदूर, किसान जस्तो वर्ग वा पेशामा रहेका व्यक्तिलाई मनोनयन गर्नु अनर्थ हुन जान्छ । यस्ता नियुक्तिमा नियुक्ति वा मनोनयन हुने क्षेत्र वा संस्थाको ज्ञान, सीप, क्षमता अनुभव वा विशेष योगदानलाई अनदेखा गरी जस्तो खेलकूदसँग सम्बन्धित संस्थामा कुनै किसान वा हिमाल चढेका चर्चित व्यक्तित्वलाई राख्दा अपेक्षित उद्देश्य पूरा नहुन सक्छ । त्यसैगरी सुरक्षा निकायमा अपाङ्गलाई राख्नुको औचित्यता नहुन सक्छ यसैगरी ललितकलाको विधामा ख्याति कमाएका व्यक्तिलाई बाहेक गरी कम ख्याति भएका वा सो विधाको कुनै पनि ज्ञान, अनुभव दक्षता नभएका व्यक्ति समावेश हुने गरी मनोनयन वा नियुक्ति गर्ने हो भने प्रतिष्ठानको उद्देश्य र लक्ष्य प्राप्ति हुन सक्दैन र त्यसो गर्नु सो कलाकारिताको आदर्श विपरीत हुन जाने ।

समान र असामानबीच रहेको अन्तरलाई सम्बोधन गरी असमानलाई पनि उचित अवसर प्रदान गर्ने आधारस्तम्भको रूपमा समावेशीतालाई लिन सकिन्छ । समावेशीता सक्षम र असक्षमबीच प्रतिष्पर्धा नगराई असक्षमलाई विशेष आरक्षणको माध्यमद्वारा अवसर प्रदान गर्ने आधारभूत मान्यताको रूपमा रहकास्को व्यवस्था हो । संविधानले नै समावेशीताको सिद्धान्त अंगीकार गरेको परिप्रेक्ष्यमा समावेशी प्रतिनिधित्व हुने गरी नियुक्ति हुनुपर्नेमा विवाद हुन सक्दैन । तर समावेशीका नाममा ललितकलाको विधामा निपूर्णता प्राप्त नगरेका व्यक्ति समेत समावेश हुने गरी जोसुकैलाई नियुक्ति गर्नु, मनोनयन गर्नु र पदासीन गराउनु भन्ने पनि हुँदैन । ललितकलाको विभिन्न विधामध्ये सबै विधा समेटिने गरी त्यस्तो विधामा निपूर्णता भएका वा ख्यातिप्राप्त गरेका व्यक्ति छन् भने सम्भव भएसम्म समावेशीताका आधारमा समावेश गरिने भन्ने नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐनको मनसाय रहेको देखिन्छ । समावेशीताको आधारमा मनोनयन तथा नियुक्ति हुने पदाधिकारीको संख्या निर्धारण नगरी सम्भव भएसम्म भन्ने ऐनको व्यवस्था र यस अदालतको मिति २०६६।११।५ को आदेश समेतलाई आत्मसात् गर्दै समावेश गर्न सम्भव भएका माथि उल्लिखित व्यक्तिहरूलाई प्राज्ञसभा र परिषद्मा नियुक्ति तथा मनोनयन गरेको अवस्था हुँदा समावेशीताको सिद्धान्त पालना नभएको भन्ने नदेखिने ।

**मा.न्या.श्री गिरीश चन्द्र लालको रायः**

प्राज्ञसभा गठन गर्न नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को दफा ७(२) को खण्ड (घ) को प्रयोजन एवं सोही ऐनको दफा ८(२) को व्यवस्थाअनुसार ललितकलाका विभिन्न विधा एवं क्षेत्रहरूमा अध्ययन, अनुसन्धान गरेका वा सो विधामा ख्याति प्राप्त एवं विशिष्ट व्यक्तिहरूमध्येबाट कानूनले निर्धारित गरेबमोजिमको सिफारिश एवं मनोनयन भै सो प्राज्ञसभाको गठन हुनुपर्ने र सो गर्दा समावेशीतालाई ध्यानमा समेत राखी महिलाहरूको समेत उपयुक्त प्रतिनिधित्व हुने गरी मनोनीत हुनुपर्नेमा उपलब्ध गराइएका कागजहरूअनुसार मिति २०६६।१२।३१ को माथि उल्लिखित सिफारिश एवं मनोनयनमा ऐनका उक्त व्यवस्थाहरूलाई ध्यानमा राखी वस्तुगत रूपमा, आधारहरू एवं कारणहरू खुलाई कामकारवाही भएको नपाइएकोले रिट निवेदनको दावीअनुसार सम्बन्धित सिफारिश समितिबाट मिति २०६६।१२।३१ मा गरिएको सिफारिश एवं सो आधारमा सोही मितिमा प्रधानमन्त्रीद्वारा भएको मनोनयन कानूनसम्मत् भएको भन्न नमिल्नाले उक्त सिफारिश र सो आधारमा भएको मनोनयनलाई उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब, उपरोक्त कानूनी व्यवस्थाहरूलाई ध्यानमा राखी प्राज्ञसभाको गठनको प्रक्रिया पूरा गरी मनोनयनसम्बन्धी कार्य समेत गरी प्राज्ञसभाको गठन गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश समेत जारी हुने ठहर्छ । तर प्रस्तुत रिट निवेदनको निर्णय सम्बन्धमा माननीय न्यायाधीश श्री प्रेम शर्माज्यूको रायसँग मतऐक्यता कायम हुन नसकेकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलासमा पेश गर्नू ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६८ साल असार २२ गते रोज ४ शुभम् ।

**एकल इजलास**

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ,** ०६८-WO-०१७२, उत्प्रेषण परमादेश समेत, *जवाहरलाल प्रसाद गुप्ता वि. सरस्वती तिमिल्सिना समेत*

प्रतिवादीको घर दैलोमा टाँस गरेको म्यादमा रोहबरमा बसेका साक्षीहरूको प्रष्ट ठेगाना खुलाउन सक्नु पर्नेमा ठेगाना उल्लेख गरिएको पाइएन । साक्षीको ठेगाना नै नखुलाई नामसम्म उल्लेख गरेको कार्यलाई अ.बं. ११० नं. को रीतपूर्वक भएको भनी मान्न मिलेन । साक्षीको नाम, थर, वतन प्रष्टसँग खुलाउनु पर्ने कानूनी व्यवस्था भएको अवस्थामा प्रस्तुत रिटसँग सम्बन्धित मुद्दामा के कति कारणले साक्षीको वतन खुलाउन नसकेको भनी उक्त तामेली म्यादमा समेत केही उल्लेख भएको नपाइदा सोबमोजिम भएको म्याद तामेलीसम्बन्धी कामकारवाही रीतपूर्वकको हो भनी मान्न मिलेन । यस अवस्थामा प्रतिवादीले आफू विरूद्धको आरोपको सम्बन्धमा समेत जानकारी नै नपाई शुरू फैसला भएको देखिएकोले उक्त कार्य प्राकृतिक न्यायको सिद्धान्त समेतको अनुकूल रहेको नपाइने ।

तसर्थ, जिल्ला अदालतबाट प्रतिवादीका नाउँमा जारी भएको म्याद अ.ब. ११० नं. बमोजिमको रीतपूर्वक तामेल नभएको भन्ने आधारमा अ.बं. २०८ नं. बमोजिम उक्त म्याद बदर गरी प्रतिउत्तरपत्र दर्ता गर्नु भनी पुनरावेदन अदालत हेटौंडाबाट भएको मिति २०६७।११।१९ को आदेशमा प्रत्यक्ष कानूनी त्रुटि नदेखिएकोले विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनु पर्ने अवस्था समेत विद्यमान देखिएन । तसर्थ प्रस्तुत रिट निवेदन प्रारम्भमा नै खारेज हुने ।

इजलास अधिकृतः बिमल पौडेल
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल भदौ १२ गते रोज २ शुभम् ।

२.

**मा.न्या. श्री प्रकाश वस्ती,** २०६८ सालको रिट निवेदन नं. २०६८-WO-०१११, उत्प्रेषणयुक्त परमादेश, *दुर्गाबहादुर तुलाधर वि. लीलाबहादुर तुलाधर समेत*

बण्डापत्रमा अवण्डा राखिएको जग्गामा ऋणी लीलाबहादुरको समेत अंश हक रहेको हुँदा निजको हक ७ भागको १ भागबाट लेनदेन मुद्दाका वादी मोहनचन्द्र घिमिरेले फैसलाअनुसार आफ्नो साँवा तथा ब्याज भराई लिन पाउने आदेश भएको पाइन्छ ।

अदालतबाट भएको अन्तिम फैसला शून्यको स्थितिमा नरही त्यसको कार्यान्वयन गर्नुपर्ने हुन्छ । देवानी मुद्दाको फैसला कार्यान्वयन गर्दा अन्य व्यक्तिको हकमा प्रतिकूल असर नपारी फैसलाबमोजिम दायित्व वहन गर्नुपर्ने व्यक्तिको हकमा कायम रहेको वा निजको हक लाग्ने सम्पत्तिबाट मात्र रकम भरी पाउने व्यक्तिलाई भराउनु पर्ने भनिएको छ ।

आफ्नो हकको सम्पत्तिमा प्रतिकूल असर परेमा अन्य वैकल्पिक उपचारको व्यवस्था नभएमा मात्र रिट क्षेत्राधिकार आकर्षित हुने हुँदा आफ्नो हकमा असर नै नपरेका निवेदकले अन्य कानूनी उपचारको प्रयोग गरेपश्चात् अदालतको कानूनबमोजिमको फैसला कार्यान्वयन प्रक्रियालाई अवरूद्ध पार्ने उद्देश्यले प्रस्तुत रिट निवेदन दायर गर्न आएको हुँदा विपक्षीका नाममा कारण देखाउ आदेश जारी गरिरहन नपर्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः धनबहादुर गुरूङ्ग
इति संवत् २०६८ साल साउन ३० गते रोज २ शुभम् ।

- यसै प्रकृतिको २०६८ सालको रिट निवेदन नं. ०६८-WO-०११०, उत्प्रेषणयुक्त परमादेश, *दुर्गाबहादुर तुलाधर वि. लीलाबहादुर तुलाधर समेत* भएको मुद्दामा यसैअनुसार आदेश भएको छ ।

३.

**मा.न्या.श्री प्रकाश वस्ती,** २०६८ सालको रिट नं. ०६८-WO-०१२७, उत्प्रेषणयुक्त परमादेश, *हरिप्रसाद शर्मा वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

नापीका समयमा कुनै व्यक्ति वा संस्थाको नाममा नापी हुन नसकी खोलो जनिएको र त्यसउपर कसैको दावी उजूरी नपरेको जग्गामा नदी उकास भएकोमा कुनै व्यक्ति वा गुठीको भोग वा दर्ता नभई सार्वजनिक हैसियतमा नै रहेको देखिने ।

नापीको समयमा फिल्डबुकको जग्गाधनीको महलमा निवेदकको नाम उल्लेख नभई खोलो जनिई सार्वजनिक प्रकृतिको जग्गा भएबाट नेपाल सरकारका नाममा दर्ता समेत भएको देखिँदा निवेदकको उक्त जग्गामा हक नै स्थापित भएको देखिन्न । निर्विवाद हक भएको विषयमा कानून प्रतिकूल रूपमा हक हनन् हुन गएको अवस्थामा सोको वैकल्पिक उपचारको व्यवस्था नभएमा असाधारण अधिकारक्षेत्रअन्तर्गत रिट निवेदन दायर गर्न सकिन्छ । निवेदन गर्ने व्यक्ति वा सस्थाको निर्विवाद हक नै स्थापित छैन भने त्यस्तो हकदैयाको अभावमा असाधारण अधिकारक्षेत्र आकर्षित नहुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्दा तिमल्सेना

इति संवत् २०६८ साल साउन ३० गते रोज २ शुभम् ।

- यसै प्रकृतिको २०६८ सालको रिट निवेदन नं. ०६८-WO-०१३४, उत्प्रेषणयुक्त परमादेश, *पूर्णबहादुर थापा समेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग* समेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

४

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-WO-१२२६, उत्प्रेषणयुक्त परमादेश, *प्रदीपकुमार ढकाल वि. मालपोत कार्यालय, इनरूवा समेत*

निवेदकले आफ्नो पिता स्व. मनोहरप्रसाद उपाध्याय ढकालको नाममा कि.नं. २३५ र कि.नं. २३७ को जग्गा दर्ता भई आमा भारतीदेवी ढकालको नाममा नामसारी हुन बाँकी रहेको भन्ने दावी लिए पनि सो दावीलाई पुष्टि गर्ने वस्तुनिष्ठ प्रमाण पेश गरेको देखिँदैन । दावीबमोजिमको जग्गाको मोही सखावत मियाँ रहेको भने पनि मिसिलबाट मोही सखावत मियाँ रहे भएको देखिँदैन । निवेदनसाथ पेश गरेको फिल्डबुक उतारको कैफियत महलबाट निवेदकले आफ्नो नाउँमा दर्ता गर्न दावी गरेको जग्गा सरकारी जग्गा भन्ने देखिन्छ । सो बाहेक निवेदकको आफ्नो हकभोगको जग्गा भनी देखिने कुनै पनि प्रमाण निवेदनसाथ पेश गरेको पाइएन । यस अतिरिक्त निवेदकले उठाएको विवादको बारेमा पुनरावेदन अदालतमा मुद्दा परी सो अदालतले आदेश जारी गरेको अवस्थामा सोही विवादको बारेमा यस अदालतमा निवेदन दिएर आउन नमिल्ने भएकाले विपक्षीहरूबाट लिखित जवाफ माग गरिरहनु परेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

कम्प्युटरः मुक्ता प्याकुरेल

इति सवत् २०६८ साल असार २४ गते रोज ६ शुभम् ।

# सूचना

- **हामी सर्वोच्च अदालतबाट भएका सबै निर्णयहरु यस बुलेटिनमा प्रकाशित गर्दछौं ।**
- **सम्बन्धित इजलास अधिकृतबाट सबै निर्णयका सबै प्रतिलिपिहरु प्राप्त हुन्छन् भन्ने हामी विश्वास गर्दछौं ।**
- **यहाँ प्रकाशित निर्णयहरु केवल सूचना सम्प्रेषण गर्ने प्रयोजनका लागि हुन् । यिनको रीतपूर्वक नक्कल लिन सकिन्छ ।**